चाडपर्वको संरक्षण र संवर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।
हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
- वर्षा, गर्मी, आद्रता यी तीन लामखुट्टे र कीरा जन्मने, हुर्कने बेला हो ।
- कीरा–फटचाङ्ग्रा हुर्कन नदिन घर, आँगन र शहर सफा राखौं, स्वस्थकर वातावरण बनाऔं ।
- बासी खाना नखाउँ, पानी सफा, सकभर उमालेर खाऔं ।
- सडक, फूटपाथमा बनाएको खाना–नाश्ता बहिष्कार गरौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज ११ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 27 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४०

## जथाभावी उत्खननले आर्यघाट जोखिममा

प्रस, निजगढ, १० असोज/
निजगढ नगरपालिका–९ स्थित बकैयाखोला किनारमा रहेको आर्यघाट निजगढका सदस्यहरूको भनाइ छ। प्रत्येक वर्ष करोडौं मूल्यमा त्यही खोला नगरपालिकाले ठेक्का लगाउने तर खोला संरक्षणका लागि एक थान जाली नहाल्ने गरेकाले आर्यघाट जोखिममा परेको स्थानीयहरू भन्छन् ।


बकैयाखोला र सङ्कटमा रहेको आर्यघाट । तस्वीरः प्रतीक

केही वर्षदेखि उच्च जोखिममा छ । स्थानीय तह निजगढ नगरपालिकाले बर्सेनि नदीजन्य पदार्थ दहत्तर बहत्तरको ठेक्का बन्दोबस्ती गरे पनि अनुगमन नगर्दा अहिले खोलाको पक्की ड्याम, तारजालीमा क्षति पुगेर आर्यघाटसमेत उच्च जोखिममा परेको छ ।

आर्यघाट संरक्षणको लागि विगतका वर्षहरूमा लगाइएका तारजालीको तटबन्ध वर्षायाममा बाढीले भत्काउँदै बगाउन थालेको छ। केही दिन अघिसम्म सोझो र ठीक अवस्थामा रहेको तारजालीको तटबन्ध खोलामा झरेको छ भने, कतिपय अझै झर्ने र खोलाले बगाउने अवस्थामा छन् । खोला ठेक्का सकार गर्ने ठेकेदार कम्पनीले ठेक्काको नाउँमा मनपर्दो खोलाको उत्खनन, दोहन गरेपछि त्यसको असर देखिन थालिएको हो । स्थानीयहरूले दाहसंस्कार गर्ने सार्वजनिकस्थल नै खोलाले कटान गर्दै बगाउन थाले पनि अहिलेसम्म निजगढ नगरपालिका मूकदर्शक बनेको छ ।

आर्यघाटको संरक्षण र विकासका लागि पटकपटक निजगढ नगरपालिकामा बजेट माग गरे पनि बेवास्ता गर्दै आएको बकैया आर्यघाट उपभोक्ता समिति संरक्षणमा पटक्कै चासो नदिने शैलीकै कारण अहिले आर्यघाटसहितको संरचना उच्च जोखिममा परेको स्थानीयहरू बताउँछन् ।

नगरप्रमुख सुरथ पुरी र उपप्रमुख सोममाया थिङलाई भन्यौं तर संरक्षणमा अहिलेसम्म ध्यान नदिएको बकैया आर्यघाट उपभोक्ता समिति निजगढका उपाध्यक्ष सावित्री भारतीले आरोप लगाइन् ।

अहिले आर्यघाट उच्च जोखिममा पर्नुको कारण खोला उत्खनन नै भएको उनको ठहर छ। "खोला उत्खनन गर्नतिर मात्रै ध्यान गयो, संरक्षणमा कसैले ध्यान दिएनन्," बकैया आर्यघाट उपभोक्ता समिति निजगढका सचिव साधुराम खरेलले दुःखेसो पोख्दै भने । आर्यघाट निजगढकै समाजसेवी, बुद्धिजीवी बूढापाकाहरूले निर्माण शुरू गरे पनि अहिलेको पुस्ताले यसको संरक्षण गर्न चासो नराखेको जनगुनासो छ ।

नगरपालिकाले खोला ठेक्का लगाउने र पैसा कमाउने अनि ठेकेदारले मनलाग्दी खोला खन्ने, जनप्रतिनिधिहरू चुपचाप हेरेर बस्ने, वर्षौंदेखि नजीकै रहेका अवैध क्रसर उद्योगहरू निर्बाध चलाउने तर क्रसरवालाहरू त्यही ढुङ्गा पेलेर मालामाल हुने तर नजीकैको आर्यघाट संरक्षण र विकासमा वास्ता नगर्ने स्थानीयहरू बताउँछन् ।

जनप्रतिनिधिहरूले पनि आर्यघाट जस्तो सार्वजनिकस्थलको संरक्षण गर्न नसकेको उनीहरूको गुनासो छ ।

वडाध्यक्ष रामचन्द्र कटुवालले आर्यघाट संरक्षणको लागि तारजाली लगाउने योजना रहेको आफूले जानकारी पाएको तर अहिलेसम्म पनि काम अघि नबढ्नु दुःखद भएको बताए । उनले निजगढ नगरपालिकालाई यथाशीघ्र चाँडै काम अघि बढाउन पहल गर्ने बताए ।

दुईवटा दाहसंस्कार गर्ने स्थान, छ कोठे भुइँतले पक्की भवन, एउटा सिमेन्टेड पानी टङ्की, दुईवटा फलामे ट्रससहित ६५ लाख रुपैयाँभन्दा बढी मूल्यको संरचना गत वर्षदेखि जोखिममा रहेको सचिव खरेलले बताए ।

खोलामा पानी नहुँदा अति आवश्यक पर्ने पानी टङ्कीसमेत जीर्ण अवस्थामा छ। टङ्कीबाट पानी चुहिन्छ। आर्यघाटमा दैनिक तीनवटासम्म शवको दाहसंस्कार हुने गरेको आर्यघाट रेखदेख गर्दै आइरहेका स्थानीय शङ्कर श्रेष्ठले बताए ।

## मुख्यमन्त्री स्वच्छता अभियान पनि असफल

प्रस, वीरगंज, १० असोज/
मधेस प्रदेश सरकारको प्राथमिकतामा रहेको महत्त्वपूर्ण योजना मुख्यमन्त्रीको स्वच्छता अभियान अहिले पूर्णरूपमा असफल देखिएको छ ।

मधेस सरकार गठनपश्चात् गद्दीको सरकार परिवर्तन भएपछि यससम्बन्धी सबै फाइल अख्तियारले लगेको थियो र योजना विवादित बनेको थियो ।

पर्सामा रहेका छवटा पोखरी मर्मत तथा सौन्दर्यीकरणको लागि विभिन्न करोड ५४ लाखमा बिकोई/किशोर जेभीले ठेक्का सकार गरेका थिए ।

मुख्यमन्त्री कार्यालयद्वारा सञ्चालित योजनाहरू अलपत्रमा परेको तथा पछिल्लो सरकारले यी योजनाबारे केही गर्न नसकेको अवस्था छ। यो योजना कसरी


सौन्दर्यीकरण हुँदै नगवा पोखरी । तस्वीरः फाइल

तत्कालीन मुख्यमन्त्री लालबाबूराउत गद्दीले यो कार्यक्रमलाई महत्त्वका साथ अगाडि बढाए पनि कर्मचारी तथा ठेकेदारहरूले साथ नदिएपछि योजना पूर्णरूपमा असफल तथा अधूरो भएपछि मधेस सरकारको करोडौं रुपैयाँ क्षति भएको छ ।

मधेसमा यो योजना अन्तर्गत ३८ वटा पोखरीको मर्मत तथा सौन्दर्यीकरणको शुरू भएको थियो। पर्सामा मात्र छवटा पोखरी मर्मत तथा सौन्दर्यीकरणको काम अहिले पूर्णरूपमा ठप्प छ ।

योजना सञ्चालन हुँदा मुख्यमन्त्री कार्यालयले आफैंले सञ्चालन गरी कर्मचारी खटाएर काम शुरू गराएको थियो। पछि यो योजना विवादित बनेर धेरैजसो कर्मचारी निलम्बन तथा कारबाहीमा परेपछि योजना अहिले अलपत्र अवस्थामा छ ।

सोही बेला तत्कालीन मुख्यमन्त्री ठेकेदार कम्पनीले २०७६ सालमा ठेक्का सकार गरेका थिए। निर्माण कार्य सम्पन्न गर्न मधेस सरकारले २०७८ सालसम्मको समयसीमा दिएकोमा अहिलेसम्म योजना सम्पन्न नभएर अलपत्र अवस्थामा छ । यो योजनामा विनियोजित रकममध्ये रु १४ करोड ७९ लाख रकम खर्च भएको छ ।

नगवा पोखरी निर्माणको लागि रु १० करोड १३ लाख र मुर्ली पोखरी निर्माणको लागि रु १० लाख ४३ लाख र छिपहरमाई पोखरी निर्माणका लागि रु १० करोड ४४ लाखमा प्रेरा/रञ्जन जेभीले ठेक्का सकार गरेको थियो ।

यसैगरी, लक्ष्मणावा पोखरी निर्माणका लागि रु १७ करोड ५२ लाखमा सुनकोशी कन्स्ट्रक्शन, निचुटा पोखरी निर्माणका लागि रु ३० करोड ६३ लाखमा नागार्जुन/हेम/सर्बसक्री जेभी र मुर्ली बगैंचा पोखरी निर्माणको लागि रु दुई सञ्चालन गर्ने भन्ने उद्देश्यले योजनाहरूलाई जिल्ला पूर्वाधार कार्यालयको जिम्मा लगाइएको छ ।

तर जिल्ला पूर्वाधार कार्यालयले दुई बर्ष बितिसक्दा योजनाका फाइललाई अगाडि बढाएको छैन । कुन पोखरीमा कति काम भयो, कति भुक्तानी भयो त्यसको यकीन तथ्याङ्क नआएसम्म आफूले कुनै किसिमको कार्य नगर्ने पूर्वाधार कार्यालय, पर्साका प्रमुख दीपक मिश्र बताउँछन् । उनले पोखरीसम्बन्धी फाइलहरू अख्तियारमा रहेको अवस्थामा मुख्यमन्त्री कार्यालयले आठवटै जिल्लामा फाइल पठाएको तर पहिले सम्पन्न कार्यहरूको प्रगति विवरण र खर्चको विवरण नपठाएको बताए । उनले प्राविधिक खटाएर नापजाँच गर्ने र सोको विवरण आएपछि मात्र कार्य अगाडि बढ्ने बताए। तर यो कार्य भने अहिलेसम्म शुरू गरिएको छैन ।

## दुईजना बालकलाई भारत लान खोज्ने युवक पक्राउ

प्रस, पंचगावाँ, १० असोज/
दुईजना बालकलाई ललाइफकाइ भारततर्फ लैजाने प्रयासमा रहेका जीराभवानी गाउँपालिका–३ जीतपुरका २५ वर्षीय युवक प्रभानन्द राउत थारूलाई स्थानीयले पक्राउ गरी प्रहरीको जिम्मा लगाएका छन् ।


हिजो राति ८ बजे थारूलाई परसवाबाट स्थानीयले पक्राउ गरी प्रहरीको जिम्मा लगाएको शम्भु साहले बताए । हिजो दिउँसोदेखि उनका आठ वर्षीय छोरा बिर्जुप्रसाद साह र धर्मवीर कुँवरका सात वर्षीय छोरा राजवीर कुँवर हराएका थिए ।

हिजो रातिसम्म उनीहरू घर नफर्किएपछि अभिभावकहरू खोजीमा निस्किएका थिए । सो क्रममा अभिभावकहरूले खोजीको लागि अन्य गाउँका इष्टमित्र तथा प्रहरीलाई फोन गरी जानकारी गराएका थिए। खोजीकै क्रममा परसवाका स्थानीयले प्रभानन्दराउत थारू र दुईजना बालकलाई अभिभावकको जिम्मा लगाएका थिए । बालकहरूलाई थारूले दिउँसैदेखि चकलेट, फ्रुटी जुस खुवाएर ललाइफकाइ परसवामा मेमोरी कार्ड किन्न लैजाने भनेर लगेका थिए ।

दुईमध्ये एकजना बालक जान नमानेपछि उनलाई थारूले लट्ठीले पिटेर डर देखाइ लगेको बालकहरूले बताएका छन्। परसवामा थारूले बालकहरूलाई नास्ता खुवाएर पिडारी हुँदै भारतको सीमामा पर्ने दशौता साइकलमा लगेको बालकहरूले बताए । तर सीमामा दुई देशका सुरक्षाकर्मीका कारण थारूले पुनः फर्काएर परसवा बजारमा ल्याएर आफूहरूलाई खाजा खुवाएको र थारूले रक्सी खाएको बालकहरूले बताए । त्यसपछि थारूलाई स्थानीयले नियन्त्रणमा लिएर बालकहरूलाई अभिभावकको जिम्मा लगाएका थिए । स्थानीयले थारूलाई प्रहरीको जिम्मा लगाएका थिए। इलाका प्रहरी कार्यालय, सेढवाले हिजो राति थारू मदिरामा मात्तिएकाले बयान लिन नसकिएको बताए ।

## सुरक्षा र न्यायबारे वडास्तरीय छलफल

प्रस, सिम्रौनगढ, १० असोज/
सिम्रौनगढ नगरपालिका–७ स्थित बारा उद्योग वाणिज्य सङ्घ सिम्रौनगढमा गरेको कार्यक्रममा वडास्तरका समस्या पहिचानबारे सरोकारवालासँग छलफल भएको थियो ।



बिहीवार सुरक्षा तथा न्यायबारेमा वडावासीलाई जानकारी गराइएको छ।

युके इन्टरनेशनल डेभलपमेन्टको सहयोगमा युएनओपिसीले आयोजना कार्यक्रममा सहभागीहरूलाई समुदायमा प्रहरीको भूमिका, आपराधिक गतिविधि, असामाजिक गतिविधिबारे

(बाँकी अन्तिम पातामा)

## पतिद्वारा पत्नीको गोली हानी हत्या, पिता घाइते

नितेश कर्ण, वीरगंज, १० असोज/
सर्लाहीको हरिपूर्वा नगरपालिका–५ उनको घटनास्थलमैं मृत्यु भएको थियो भने पिताको पाखुरामा गोली लागेकोले ससुरा रामदिनेश रायको बायाँ हातमा गोली लागेको र उनको प्रादेशिक


घटना भएको घरमा जम्मा भएका स्थानीय । तस्वीरः प्रतीक

मा पतिले आफ्नै पत्नीको गोली हानी हत्या गरेको छ । धीरेन्द्रराय यादवले २२ वर्षीया पत्नी चित्रलेखा देवी यादवको गएराति पौन दुई बजे गोली हानेर हत्या गरेका हुन् । यादवले पत्नी र पिता रामदिनेश यादवमाथि गोली प्रहार गरेका थिए । पत्नीको कन्चटमा गोली लागेर घाइते भएका थिए ।

गोली लागेर चित्रलेखा यादवको घटनास्थलमैं मृत्यु भएको र निजका ५४ वर्षीय ससुरा रामदिनेशराय यादव घाइते भएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए ।

अस्पताल मलङ्गवामा उपचार भइरहेको छ। गोली हानेर फरार धीरेन्द्रको खोजी कार्य भइरहेको छ ।

हत्या भएकी चित्रलेखाका पति धीरेन्द्र एक महीना अघि मात्र कुवेतबाट घर आएका थिए । उनी घर आएदेखि

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**वर्षात् थामिएपछि छाता सबैलाई भारी लाग्छ। त्यसैगरी, फाइदा प्राप्त नहुने देखिएपछि भक्ति अनावश्यक बुझिन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# दलहरूको द्वैध चरित्र

**नेपाल प्रशस्त सम्भावना बोकेको मुलुक हो। तर पनि उल्लेखनीय प्रगति तथा उपलब्धि हासिल गर्न सकिरहेको छैन। यसको मुख्य कारण राजनीतिक दलहरूको अदूरदर्शिता र दोहोरो चरित्र हो। मुलुक उँभो लाग्न राज्यको नीति सही हुनुपर्छ। राज्यको नीति सही हुन राजनीतिक दल सही हुनुपर्छ। लोकतान्त्रिक राज्य व्यवस्थामा मुलुक हाँक्ने काम राजनीतिक दलहरूले गर्छन्। हाम्रो मुलुकका सत्ता सञ्चालक दलहरू नै दोहोरो चरित्रका छन्। जसले मुलुक अस्थिरता र असन्तोष उत्पन्न गरिरहेका छन्। वर्तमान राजनीतिक परिप्रेक्ष्यमा दलहरूले जनभावना र राष्ट्रहितको सट्टा व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिएका छन्। नेपालको राजनीतिक दृश्यमा धेरै उदाहरण पाइन्छन्, जसले यो दोहोरो चरित्रलाई स्पष्ट बनाउँछ। हामीले देखिसुनिराखेका छौं, राजनीतिक दलहरूको बोलीमा लगाम छैन। आज एक कुरा भोलि अर्कै कुरा। एउटा मुद्दामा एउटै राजनीतिक दलले दिनैपिच्छे फरक अभिव्यक्ति दिने गरेको छ। स्वार्थ मिल्दा एउटा कुरा स्वार्थ बाझिंदा अर्कै कुरा। दलहरूको गठजोडमा एउटा कुरा, जनतासँग अर्कै कुरा।**

**मधेस केन्द्रित उदाउँदो दल मानिएको जनमत पार्टीका अध्यक्ष डा सिके राउतले वर्तमान केपी ओली नेतृत्वको सरकारको कारण देश विनाशतर्फ गइरहेको बताएका छन्। स्थानीय पार्टी कार्यकर्ताबीच अध्यक्ष डा राउतले दुई फरक विचारका पार्टीहरू मिलेर सरकार बनेको हुँदा त्यसले विनाश निम्त्याउने तर्क गरे। संसद्मा वर्तमान सरकारलाई विश्वासको मत दिएर आएको जनमतले स्थानीयस्तरमा आएर त्यही सरकारको विरोध गर्छ। विश्वासको मत दिने बेला एमाले र काङ्ग्रेस फरक विचारका हुन् भन्ने थाहा थिएन र ? जनमत पार्टीले नै मधेस प्रदेश सरकार निर्माण गर्दा आफूसँग विचार नमिल्ने दलहरूको समर्थन लिएको छ। सत्य बोल्ने हो भने पहिले आफू स्पष्ट हुनुपर्‍यो नि, नत्र सर्वसाधारणलाई किन भ्रममा पार्ने ? बितेको संविधान दिवसमा पनि त्यीतै रमिता देखाइयो, प्रदेश सदरमुकाममा जुन पार्टीका नेता संविधान दिवस आयोजना गर्दै थिए, सोही पार्टीका जिल्लास्तरीय नेता, कार्यकर्ता कालो झन्डा बोकेर विरोध प्रदर्शन गरिरहेका थिए। यस्तो द्वैध चरित्र किन ?**

**ठूला दलहरूको ठूलै कुरा छ। हिजो रास्वपासँग स्वार्थ मिल्दा एमालेको नजरमा रवि लामिछाने निर्दोष थिए। आज स्वार्थ बाझिंदा उही एमालेको नजरमा लामिछाने दोषी छन्। "होइन हिजो छानबीन गरेको थिएन, आज छानबी गरी हेर्दा रवि दोषी देखिएका हुन्" भन्ने हो भने यहाँ फेरि नैतिक प्रश्न उठ्छ, हिजो छानबीन नै नगरी निर्दोष छ भन्दै ग्वाम्ल्याङ अँगालो हालेर ढाक्नुपर्ने जरुरी किन ? जसले रवि निर्दोष छ भन्यो आज यदि दोषी हो भने, हिजो जसरी बोलियो ती बोल्नेले त्यसैगरी आज माफी माग्नु वा गलती महसूस गर्नुपर्छ कि पर्दैन ? उदाहरण मात्रै हो। अधिकाश राजनीतिक दल र तिनका नेताहरूको चरित्र एकै छ। राजनीतिक दलहरूका स्थानीय र राष्ट्रियस्तरमा वचन र व्यवहार फरक छन्। दोहोरो मापदण्ड, दुईटा डुङ्गामा खुट्टा अर्थात् दोहोरो चरित्र, कुरा एउटै हो। यसले मुलुक, मुलुकवासी र स्वयम् राजनीतिक दलहरूलाई पनि फाइदा गर्दैन। राजनीतिक दलहरूले समाजको अगुवाइ गर्न सक्नुपर्छ। जनविश्वास जित्न सके मात्रै जनाधार बलियो बन्छ। जनलाई नै द्विविधामा पार्ने चरित्र जुन दिन उदाङ्गिन्छ, तब जनमत स्वतः किनारा लाग्नेछ।**

# ऋण होइन अनुदान माग गरौं


स्वतन्त्र विचार

श्रीमन्नारायण
an_shriman@yahoo.com


**नेपाल र नेपाली जनताको आर्थिक हित र समृद्धि नै हाम्रो प्रमुख प्राथमिकतामा पर्नुपर्ने हो। छिमेकी मित्रराष्ट्रसित हाम्रो सम्बन्ध राम्रो हुनुपर्छ तर हाम्रो हित प्राथमिकतामा हुनुपर्छ। छिमेकी राष्ट्रलाई प्रसन्नचित्त पार्नका लागि मात्र हामीले ऋण लिइदिनु बुद्धिमानी होइन। हामीले हाम्रो प्राथमिकता निर्धारण गर्न पाउनुपर्छ।**

चिनियाँ राष्ट्रपति सी जिनपिङको महत्त्वाकाङ्क्षी आर्थिक परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) को समझदारीपत्रमा नेपालले हस्ताक्षर गरेको सात वर्ष बितिसकेको छ। तर नेपालका राजनीतिक दलहरूबीच यसको कार्यान्वयनको विषयमा सहमति जुट्न सकिरहेको छैन। सहमति नजुट्नुको मुख्य कारण नेपालका वामपन्थी राजनीतिक दलहरू जसरी भएपनि बिआरआई कार्ययोजना नेपालमा लागू हुनुपर्ने पक्षमा रहेका देखिन्छन् भने नेपाली काङ्ग्रेसलगायतका लोकतान्त्रिक दलहरू बिआरआई अन्तर्गतको सहयोग ऋण भए त्यसलाई स्वीकार गर्न नहुने तर विशुद्धरूपमा आर्थिक सहायता अनुदान भए त्यसलाई स्वीकार गरिने तर्क राख्दै आएका छन्। निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री भएका बेला बिआरआई अन्तर्गत केही अनुदानको रूपमा र बाँकी ऋणको रूपमा स्वीकार गरिने मन्तव्य दिएका थिए। यथार्थमा उनको मन्तव्य नेपाली जनताको ध्यानलाई ऋणतिरबाट अन्यत्र विचलित गराउनु थियो। बिआरआई अन्तर्गत अनुदानको प्रावधान नै छैन। चीनले आजसम्म विश्वका कुनै पनि देशलाई बिआरआई अन्तर्गत अनुदान प्रदान गरेको रेकर्ड छैन। नेपालको निम्ति चीनले आफ्नो खर्बौं डलरको महत्त्वाकाङ्क्षी आर्थिक परियोजनामा परिवर्तन ल्याउनु सम्भव छैन। अहिलेसम्म चीनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि नेपाललाई दिएको ऋणलाई त अनुदानमा परिणत गर्ने सङ्केत दिएको छैन भने झन् बिआरआई अन्तर्गतको ऋणलाई अनुदानको रूपमा कसरी रूपान्तरण गर्न सक्छ ?

बिआरआई मूलतः ऋणमा आधारित परियोजना हो। उत्तरी छिमेकी चीनले आफ्नो उत्पादनलाई विश्व बजारसम्म पुऱ्याउन आफ्नो अनुकूलको पारवहन प्रणाली बनाउन चाहन्छ। गरीब र विकासोन्मुख राष्ट्रलाई ऋण प्रदान गर्ने र त्यहाँका महत्त्वपूर्ण प्रतिष्ठानहरू बन्दरगाह, हवाई अड्डा र रेलवे स्टेशनलाई आफ्नो अनुकूल सञ्चालन गर्ने मानसिकता उसको रहेको देखिन्छ। दक्षिण एशियाली देश श्रीलङ्का जो चिनियाँ ऋणकै कठोर ब्याजदरको कारण आर्थिकरूपले कङ्गालसम्म हुन पुगेको थियो। उसले चीनबाट लिएको ऋणलाई अनुदानमा परिवर्तन गर्न धेरै आग्रह गरेको थियो। तर चीनले टेरपुच्छर लगाएन। श्रीलङ्काले आफ्नो महत्त्वपूर्ण हम्बनटोटा बन्दरगाह ९९ वर्षको निम्ति चीनलाई लिजमा दिनुपऱ्यो।

नेपालको सार्वजनिक ऋण सवा २३ खर्ब नाघिसकेको छ। दुई महीनामैं साढे ९४ अर्ब ऋण थपिएको छ। देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ४४.३२ प्रतिशत ऋण हुनु चिन्ताको विषय हो। यसमध्ये आन्तरिक जिडिपीको ४४.३२ प्रतिशत हो, जबकि बाह्य २२.६६ प्रतिशत हो। हालसम्म तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण १२ खर्ब ३६ अर्ब र बाह्य ऋण १२ खर्ब ९२ अर्ब रुपैयाँ रहेको छ। सरकारले तिर्न बाँकी सार्वजनिक ऋण हेर्दा अहिले हरेक नेपालीको भागमा करीब ८६ हजार रुपैयाँ पर्न आउँछ। राष्ट्रिय तथ्याङ्क कार्यालयले गत आर्थिक वर्षमा जिडिपी ५७ खर्ब पाँच अर्ब रुपैयाँ पुग्ने प्रक्षेपण गरेको छ। निरन्तरको बढ्दो सार्वजनिक ऋणले देशमा आर्थिक सङ्कट निम्त्याउने आशङ्का अर्थविद्हरूको रहेको छ।

ऋणमार्फत जुटाएको रकम राम्रो प्रतिफल दिने ठाउँमा लगानी नगरिएमा समस्या हुने गर्छ। घाटा बजेट पूर्तिको स्रोतका रूपमा सार्वजनिक ऋण लिने काम गर्ने तर त्यो ऋण अन्य क्षेत्रमा खर्च हुन गयो भने यसले कठिन परिस्थिति निम्त्याउँछ।

चालू आर्थिक वर्षको लागि सरकारले कुल १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ। कुल विनियोजन मध्ये ११ खर्ब ४१ अर्ब ७८ करोड चालू र तीन खर्ब दुई अर्ब सात करोड रुपैयाँ पूँजीगत खर्चको लागि छुटचाइएको छ, जबकि वित्तीय व्यवस्थापनको लागि तीन खर्ब सात अर्ब ४५ करोड छुटचाइएको छ। वित्तीय व्यवस्थापनको लागि छुटचाइएको बजेट पूँजीगत खर्चभन्दा बढी हुनु चिन्ताको विषय हो। ऋणको भार बढ्दै गएकोले सरकारले विकास निर्माणभन्दा ऋणको साँवा भुक्तानीलाई बढी प्राथमिकता दिन बाध्य छ। वित्तीय व्यवस्थापनका लागि कुल वार्षिक बजेटको १७.५५ प्रतिशत छुटचाउनु दुःखको विषय हो। आर्थिक वर्ष २०७३/७४ मा नेपालको सार्वजनिक ऋण छ खर्ब ९७ अर्ब ६८ करोड बराबर थियो। २०७४/७५ मा यस्तो ऋण नौ खर्ब १७ अर्ब पुग्यो। सार्वजनिक ऋण २०७५/७६ मा १० खर्ब ४८ अर्ब, २०७६/७७ मा १४ खर्ब ३३ अर्ब, २०७७/७८ मा १७ खर्ब ३७ अर्ब, २०७८/७९ मा २० खर्ब १३ अर्ब र २०७९/८० मा २२ खर्ब ९५ अर्ब रुपैयाँ बराबरको ऋण पुगेको सरकारी प्रतिवेदनमा उल्लेख छ।

नेपालको टाउकोमाथि अहिले नै करीब २३ खर्ब ऋणको भारी छ। यस्तोमा बिआरआई अन्तर्गतको सात/आठ खर्ब ऋण देशले लिने हो भने यो भारी हामीले थाम्न सक्दैनौं। करको भारीले अहिले नै नेपाली जनताको ढाँडलाई भाँचिदिएको छ। एक देशको ऋणलाई चुक्ता गर्न अर्को देशसित ऋण लिनुपर्ने अवस्था हाम्रो पनि आउन सक्छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि चीनसित लिएको ऋणको ब्याज दिने क्रम शुरू भइसकेको छ। उक्त विमानस्थलले अहिलेसम्म आम्दानी गर्न सकेको छैन तर हामीले ऋण तिर्नै पर्छ। नेपालले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा चीनबाट लिएको ऋणलाई अनुदानमा परिणत गर्न चीनसित आग्रह पनि गरिरहेको छ तर चीनले भने यस प्रस्तावमा विचार गर्ने सम्भावना छैन। चीनको नजरमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि चीनले दिएको ऋण बिआरआई अन्तर्गतकै हो। बिआरआईको ऋणमा अनुदानको गुन्जाइस नै छैन।

पञ्चायतकालमा सोभियत सङ्घ विश्व राजनीतिको एक महत्त्वपूर्ण ध्रुव हुँदा नेपालका केही कम्युनिस्टहरूमाथि आरोप लाग्ने गर्थ्यो कि मस्कोमा पानी पर्दा काठमाडौंमा छाता ओढ्नेहरू पनि छन्। राजनीतिक विचारधाराहरू आफ्नो ठाउँमा छन् तर राष्ट्रहित र कूटनीतिक अर्को विषय हो। नेपाल र नेपाली जनताको आर्थिक हित र समृद्धि नै हाम्रो प्रमुख प्राथमिकतामा पर्नुपर्ने हो। छिमेकी मित्रराष्ट्रसित हाम्रो सम्बन्ध राम्रो हुनुपर्छ तर हाम्रो हित प्राथमिकतामा हुनुपर्छ। छिमेकी राष्ट्रलाई प्रसन्नचित्त पार्नका लागि मात्र हामीले ऋण लिइदिनु बुद्धिमानी होइन। हामीले हाम्रो प्राथमिकता निर्धारण गर्न पाउनुपर्छ। हाम्रो प्राथमिकतामा परेको आयोजनामा हुने लगानीबाट त्यसको प्रतिफल कस्तो आउने हो ? केवल ऋण बढाउने तर त्यसको दूरगामी प्रभावबारे विश्लेषण नगर्ने हो भने देश आर्थिकरूपले कङ्गाल हुन सक्छ। सरकार र देशको नेतृत्व आउनेजाने कुरा हुन्। जनताको सर्वोत्तम हित महत्त्वपूर्ण कुरा हो। देशको आर्थिक विकास हुने खालका आयोजना प्राथमिकतामा पर्नुपर्छ। देशलाई ऋणको पासोमा पार्ने काम गर्नुहुँदैन। विश्वका दर्जनौं देशहरू बिआरआईका शिकार भएका छन्। चीनसँग ऋण होइन अनुदान लिने काम गर्नुपर्छ, ऋणलाई अनुदानमा परिणत गर्ने काम गर्नुपर्छ।

# दुई दिन हिमाली तथा पहाडी जिल्लामा रात्रिबस नचलाउन आग्रह

काठमाडौं, १० असोज/रासस

राष्ट्रिय विपद् जोखिम तथा न्यूनीकरण प्राधिकरणले आगामी चार दिन भारी वर्षाको सम्भावना रहेकाले उच्च जोखिम रहेका हिमाली र पहाडी जिल्लामा यही असोज ११ र १२ गते रात्रिकालीन बस नचलाउन आग्रह गरेको छ। जल तथा मौसम विज्ञान विभागले देशभर अतिभारी र भारी वर्षाको पूर्वानुमान गरेको जानकारी दिंदै प्राधिकरणले यस अवधिभर अत्यन्त जरुरी अवस्थामा बाहेक यात्रा नगर्न अनुरोध गरेको हो।

विभागले कोशी प्रदेशको झापा, सुनसरी, धनकुटा, तेऱ्हथुम, खोटाङ, ओखलढुङ्गा, उदयपुर, भोजपुर, इलाम, पाँचथर र मोरङ, मधेसको सिराहा, सप्तरी र पर्सा तथा बाग्मतीको मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप जिल्लामा भारी एवं अतिभारी मनसुनी वर्षा हुने प्रक्षेपण गरेको छ।

यस्तै, गण्डकी प्रदेशको म्याग्दी, बागलुङ, तनहुँ, स्याङ्जा, नवलपरासी पूर्व, कास्की, पर्वत, लमजुङ, गोरखा र मनाङ, लुम्बिनीको रूकुम पूर्व, रोल्पा, गुल्मी, प्युठान, अर्घाखाँची, पाल्पा, दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी पश्चिम, बाँके र बर्दिया, कर्णालीको जाजरकोट, रूकुम पश्चिम, दैलेख, सुर्खेत र सल्यान तथा सुदूरपश्चिमको डोटी, कैलाली र अछाममा पनि वर्षा हुने अनुमान गरेको छ।

प्राधिकरणले धान नकाट्न र काटिसकेको भए तत्काल थन्काउन तथा तराई तथा मधेस क्षेत्रमा सकेसम्म भुइँतलामा अन्नपात नराख्न अनुरोध गरेको छ। पहिरोको जोखिम भएका स्थानमा र नदी किनाराका बस्तीमा उच्च सतर्कता अपनाउन तथा दाउरा निकाल्न, माछा मार्न नदी किनारमा नजान सबैमा अनुरोध गरेको छ।

मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमान्ड पोस्टको बैठकले खोज तथा उद्धारका लागि तीनवटै सुरक्षा निकाय एवं स्वयंसेवकहरू तयारी अवस्थामा रहन निर्देशन दिएको प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले जानकारी दिए। प्राधिकरणले पूर्वतयारी र प्रतिकार्य गर्ने साझेदार संस्थाहरू जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वयमा रही सतर्क रहन तथा विपद्को जोखिममा रहेका नागरिकलाई सम्बन्धित निकायले सुरक्षित आश्रयस्थलमा सार्नसमेत निर्देशन दिएको छ।

# वीरगंजबाट पाँच अर्ब २६ करोडका सामान निर्यात

वीरगंज (पर्सा), १० असोज/रासस

वीरगंज भन्सार कार्यालयबाट चालू आर्थिक वर्षको भदौ मसान्तसम्ममा रु पाँच अर्ब २६ करोड ३७ लाख १० हजार मूल्य पर्ने सामान निर्यात भएका छन्।

गत आर्थिक वर्षको सोही अवधिमा रु पाँच अर्ब २९ करोड ३८ लाख २४ हजार मूल्य बराबरका सामान निर्यात भएका थिए।

वीरगंज भन्सार कार्यालयका प्रमुख प्रशासक दीपक लामिछानले रु ४९ करोड ५९ लाख २८ हजार मूल्य पर्ने ६९ लाख ५३ हजार किलोग्राम पिना निर्यात भएको जानकारी दिए। विगतको तुलनामा पिनाको निर्यातमा वृद्धि भएको छ।

चालू आवको भदौ मसान्तसम्मको ३३ करोड ३९ लाख सात हजार मूल्य पर्ने १४ लाख ५६ हजार ८०४ किलोग्राम सिन्थेटिक यार्न निर्यात भएको छ।

त्यसैगरी, गत आवको सोही अवधिमा रु २० करोड ३६ लाख ६८ हजार मूल्य पर्ने आठ लाख ३८ हजार १४० किलोग्राम सिन्थेटिक यार्न निर्यात भएको थियो।



चालू आवको भदौसम्म १२ करोड ९३ लाख २८ हजार मूल्य पर्ने १७ लाख नौ हजार १६० किलोग्राम 'एमएस स्टील स्ट्रिप' निर्यात भएको छ।

चालू आवको भदौ मसान्तसम्मको अवधिमा रु ११ करोड ८२ लाख ९९ हजार मूल्य पर्ने ५४ हजार १८२ वर्गमिटर उनी गलैंचा निर्यात भएको छ। गत आवको तुलनामा चालू आवको सोही अवधिमा उनी गलैंचा कार्पेटको निर्यातमा २० दशमलव ४३ प्रतिशतले गिरावट आएको छ।

चालू आवको भदौ मसान्तसम्म एक अर्ब २९ करोड तीन लाख ७९ हजार मूल्य पर्ने एक करोड ३६ लाख ४५ हजार आठ सय लिटर जुस जाम निर्यात भएको छ। गत आवको भदौ मसान्तको तुलनामा चालू आवको सोही अवधिमा जुस जामको निर्यात भने पाँच दशमलव ११ प्रतिशतले बढेको छ। चालू आवको भदौ मसान्तसम्मको अवधिमा रु ११ करोड ७९ लाख ८४ हजार मूल्य पर्ने ६७ हजार ३८० किलोग्राम कुकुर वा बिरालोको खाना निर्यात भएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८



# अर्थ - उद्योग - वाणिज्य



## किन हुन्छन् व्यापारी असफल ?


अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com


**कस्तो व्यापार अहिले उच्च जोखिममा छ, कस्तो व्यापारको भविष्य अनिश्चित छ, कस्तो व्यापारको भविष्य राम्रो छ, कस्तो व्यापार गर्दा व्यवसायीलाई तत्काल फाइदा हुन्छ, यस्ता अनेकौं जानकारी स्थानीय सरकारले उद्योगी एवं व्यापारीलाई नियमित उपलब्ध गराउनुपर्दछ ।**

हामीकहाँ व्यापारीहरू व्यवसायमा असफल भएको, सहकारी, बैंक वा वित्तीय संस्थाहरूबाट जनताको पैसा लिएर कुनै व्यापारी भागेको तथा ऋणीले ऋण लिएर कर्जादातालाई ऋण भुक्तान नगरेको जस्ता खबरहरू निकै पढ्न पाइन्छ । समाचार माध्यमहरूले पनि यस्ता खबरहरू निकै महत्त्वका साथ प्रकाशन वा प्रसारण गरेको पाइन्छ ।

यस किसिमका समाचारहरू प्रकाशन वा प्रसारण गरेर, चर्को बहस गरेर, कसैको ऋण लिएर भाग्ने व्यापारीहरूको आलोचना गरेर, उनीहरूलाई ठग भनेर, अपराधी ठहर गरेर मात्र यो समस्या समाधान हुँदैन । यी कुराहरू गरेर मात्र यो समस्या समाधान हुँदैन । यो समस्या समाधान गर्नका लागि हामीले हाम्रो समाजको मनोविज्ञान, शिक्षा नीति, सरकारको नीति, संस्कृति, परम्परा आदिको बुझ्न र तिनको गम्भीरतापूर्वक अध्ययन गरी निराकरणका प्रभावकारी उपायहरू खोज्न आवश्यक छ ।

सहकारी संस्था, वित्तीय संस्था वा बैंकबाट कुनै व्यवसाय वा व्यापार गर्छु भनी ऋण लिने सबै बेइमान वा खराब नियतका हुँदैनन् । लगभग पाँच प्रतिशत जति ऋणी वा कुनै व्यवसाय वा व्यापार गर्छु भनी ऋण लिने व्यक्ति खराब नियतका हुन सक्छन् । जानीजानी सुनियोजित किसिमले त्यस्ता खराब नियत भएका व्यक्तिहरूले बैंक, वित्तीय संस्था वा सहकारी संस्था डुबाउने नियतका साथ ऋण लिएका हुन्छन् । उनीहरूको नियतमा नै खोट हुन्छ । उनीहरू व्यापार गरेर पैसा कमाउन होइन, निक्षेपकर्ताहरूको पैसा खाने किसिमबाट ऋणी बनेका हुन्छन् । तर बाँकी नब्बे प्रतिशत ऋणीहरू असल नियतका साथ, मनमा कुनै खोट नराखेर बैंक वा वित्तीय संस्थाहरू समक्ष ऋण लिन पुगेका हुन्छन्, ऋणी बनेका हुन्छन् । यस्ता ऋणीहरूको नियत आफूले लिएको ऋण भुक्तान गर्ने रहेको हुन्छ तर उनीहरू कुनै कारणले गर्दा व्यवसायमा असफल हुन्छन् र ऋण दिन असमर्थ हुन्छन् । बेइमानहरूको श्रेणीमा दर्ज हुन पुग्छन् । यथार्थमा उनीहरू बेइमान हुँदैनन् । परिस्थिति (व्यापारिक असफलता) ले उनीहरूलाई बेइमान बनाइदिन्छ ।

अर्कोतिर ठगी गर्ने उद्देश्यले ऋण लिएर ऋण नतिर्ने र व्यवसाय गर्छु भनेर ऋण लिएको तर परिस्थिति (व्यापारिक असफलता) ले गर्दा ऋण तिर्न नसक्ने स्थितिमा पुगेको व्यक्तिलाई बैंक तथा वित्तीय संस्थाहरूले हेर्ने दृष्टिकोण समान छ । समाजले समेत पनि यी दुवैथरीलाई समान किसिमले हेर्छ । समान किसिमले व्यवहार गर्छ । त्यति मात्र होइन, हाम्रो कानूनले पनि यी दुवैथरीलाई समान किसिमले हेर्छ । यथार्थमा यी दुई अलग प्रवृत्ति र परिवेशका व्यक्तिहरू हुन् । पहिलो किसिमको व्यक्ति ठग हो भने अर्को किसिमको व्यक्ति परिस्थितद्वारा लाचार बनाइएको हो । यथार्थमा दोस्रो किसमको व्यक्ति ठग होइन, एक सङ्घर्षशील व्यक्ति हो । केही गरौं भनेर व्यापारमा आएको व्यक्ति हो ।

**किन हुन्छन् व्यापारी वा व्यवसायीहरू असफल ?**

कुनै पनि व्यापारी वा व्यवसायीलाई व्यापारमा असफल तुल्याउने अनेक कारणहरू छन् । अनिश्चित व्यापारिक वातावरण; जस्तै–पेन्डेमिक, गृहयुद्ध, युद्ध, सरकारी नीतिमा परिवर्तन, राष्ट्रिय वा अन्तर्राष्ट्रिय आर्थिक मन्दीजन्य खास स्थितिले कुनै व्यापारीको व्यापार असफल पार्न सक्छ । त्यस्ता तत्त्वहरूलाई नियन्त्रण गर्न सकिँदैन तर पनि सरकारले राम्रो नियम, कानूनको व्यवस्था गरिदिएर त्यस्ता तत्त्वहरूबाट उत्पन्न कुअसर कम पार्न सहयोगी भूमिका निर्वाह गर्न सक्छ । यस आलेखमा भने केही त्यस्ता उपायबारे चर्चा गरिने छ जसको प्रयोग गरेर इमानदारीका साथ व्यापार गर्न आएका व्यापारीलाई असफल हुनबाट जोगाउन सकिन्छ । उनीहरूलाई अनेक किसिमका महत्त्वपूर्ण तथ्य, तथ्याङ्क, सूचना, एवं जानकारी प्रदान गरेर व्यापारमा सफल हुने उपायहरू देखाउन सकिन्छ ।

कुनै पनि व्यक्तिले व्यापार गर्नुपूर्व त्यस व्यापारसँग सम्बन्धित अनेक कुराको जानकारी लिनुपर्छ । अनेक किसिमका अध्ययन र अनुसन्धान गर्नुपर्छ । अनेक किसिमका तथ्याङ्क एवं तथ्य सङ्कलन गर्नुपर्छ । अनि मात्र व्यापार गर्ने निर्णय लिनुपर्छ । मनमा व्यापार गर्छु भन्ने लहड आएको भरमा व्यापार गर्नुहुँदैन । मनमा लहड आएको भरमा व्यापार गरेमा त्यस किसिमको व्यापार असफल हुने उच्च सम्भावना हुन्छ । हामीकहाँ मनमा लहड आएको भरमा व्यापार गर्ने चलन छ । यो कारणले पनि धेरै व्यक्ति व्यापारमा असफल हुन पुगेका छन् । ऋणदाता (बैंक, वित्तीय संस्था, सहकारी संस्था आदि) को ऋण चुक्ता गर्न असमर्थ हुन पुगेका छन् । बेइमान कहलिएका छन् ।

कुनै व्यक्तिले उदाहरणका लागि, वीरगंजमा होटल व्यवसाय सञ्चालन गर्न खोजेको छ भने उसले 'वीरगंजमा होटल व्यवसाय' सम्बन्धी राम्रो अनुसन्धान गर्न आवश्यक हुन्छ । राम्रो अध्ययन गर्न आवश्यक हुन्छ । जस्तै वीरगंज आएर होटलमा बस्न खोज्नेहरूको दैनिक सङ्ख्या, बसाइको अवधि, उनीहरूको क्रय शक्ति, भौतिक आवश्यकता, सामाजिक व्यवहार, खानपिन आदिबारे राम्रो जानकारी हासिल गर्नुपर्छ । घुमफिर गर्न, भेटघाट गर्न, सभा–सम्मेलन गर्न वा के उद्देश्यका साथ वीरगंज आउने गर्छन्, त्यसबारे जानकारी राख्नुपर्छ । यसैगरी एक्लै आउने, परिवारमा आउने, समूहमा आउनेहरू वा कुन किसिमबाट आउनेहरूको सङ्ख्या ठूलो र नियमित छ, त्यसबारे पनि जानकारी राख्नुपर्छ । यस्ता अनेक सूचना, जानकारी, तथ्य एवं तथ्याङ्क सङ्कलन गरेर, अध्ययन एवं विश्लेषण गरेर, अनि त्यस किसिमको व्यापार गर्दा फाइदा हुने देखिएपछि मात्र व्यापार गर्ने वा वीरगंजमा होटल व्यवसाय आरम्भ गर्ने निर्णय गर्नुपर्छ । लहड वा हावाको भरमा कुनै पनि व्यापार वा उद्योग स्थापना एवं सञ्चालन गर्नुहुँदैन ।

कुनै पनि उद्यमी वा व्यापारीलाई वा आवश्यक पर्ने व्यापारसँग सम्बन्धित अनेक किसिमका सूचना, जानकारी, तथ्य एवं तथ्याङ्क उपलब्ध गराउने जिम्मेवारी स्थानीय सरकारको हो । त्यसपछि यो जिम्मेवारी प्रदेश सरकार हो । अनि त्यसपछि यो जिम्मेवारी सङ्घीय सरकारको हो । यस्तै किसिमका उपयोगी सूचना, जानकारी, तथ्य, तथ्याङ्क आदि सम्बन्धित पक्ष (व्यापारी वा व्यापार गर्न खोज्ने व्यक्ति) हरू लाई उपलब्ध गराउन स्थानीय एवं प्रान्तीय सरकारको व्यवस्था एवं स्थापना गरिएको हो । स्थानीय एवं प्रादेशिक सरकारको स्थापना राजनीति गर्न वा जनतामाथि शासन गर्नका लागि भएको होइन अपितु स्थानीय विकासका कार्यमा सहयोगी भूमिका निर्वाह गर्नका लागि भएको हो ।

आफ्नो क्षेत्रभित्र सञ्चालित सबै किसिमका उद्योग, व्यापार एवं व्यवसायबारे जानकारी स्थानीय सरकारहरूले अनिवार्य रूपले राख्नुपर्छ । कुनै व्यक्ति (व्यापारी वा व्यापार गर्न खोज्ने) ले उद्योग एवं व्यापारसँग सम्बन्धित जानकारी माग्न आए उपलब्ध गराउनु पर्छ । माथि भनिएको उदाहरणमा होटल सँग सम्बन्धित जानकारी सम्बन्धित पक्षलाई स्थानीय सरकारले उपलब्ध गराउनुपर्छ ।

उद्योग वा व्यापार सञ्चालन गरिरहेका वा गर्न खोज्नेहरूलाई आवश्यक पर्ने अनेक सहयोग उपलब्ध गराउने प्रथम कर्तव्य स्थानीय सरकारको हो । स्थानीय सरकारले नियमितरूपमा 'बजार सूचना' सम्बन्धित पक्ष (उत्पादक, वितरक, थोक विक्रेता, खुद्रा बिक्रेता, ग्राहक)हरूलाई उपलब्ध गराउनुपर्दछ । यसैगरी आफ्नो क्षेत्रभित्रका उद्योगी एवं व्यापारीहरूको स्थितिबारे जानकारी पनि स्थानीय सरकारले राख्नुपर्छ । उनीहरूलाई कुनै किसिमको समस्या परेको छ भने त्यो समस्या कसरी समाधान गर्नेबारे सल्लाह पनि स्थानीय सरकारले दिनुपर्छ । सहयोग गर्नुपर्छ । उदाहरणका लागि कुनै उद्योग ऊर्जा आपूर्ति अनियमित भएको कारणले गर्दा घाटा खाने स्थितिमा पुगेको छ भने त्यस किसिमको उद्योगको लागि ऊर्जा आपूर्ति नियमित गरिदिने कार्य वा जिम्मेवारी पनि स्थानीय सरकारको हो ।

कस्तो व्यापार अहिले उच्च जोखिममा छ, कस्तो व्यापारको भविष्य अनिश्चित छ, कस्तो व्यापारको भविष्य राम्रो छ, कस्तो व्यापार गर्दा व्यवसायीलाई तत्काल फाइदा हुन्छ, कस्तो व्यापार गर्दा तत्काल होइन भविष्यमा फाइदा हुने स्थिति छ, कस्ता उद्योग वा व्यापारको स्थापना तत्काल होस् भनेर ग्राहकहरूले माग गरिरहेका छन्, यस्ता अनेकौं जानकारी स्थानीय सरकारले सम्बन्धित पक्ष (उद्योगी एवं व्यापारी) लाई नियमित उपलब्ध गराउनुपर्दछ ।

उद्योगी एवं व्यापारीहरूले सम्बन्धित पक्षबाट राम्रो सहयोग नपाएको कारणले गर्दा पनि हामीकहाँ अनेक उद्यमी एवं व्यापारी व्यापारको क्रममा असफल हुन पुग्छन् । स्थानीय, प्रादेशिक एवं सङ्घीय सरकारले व्यापार गर्ने व्यक्ति वा व्यापार गर्न खोज्ने व्यक्ति, दुवैथरीलाई समयमा नै आवश्यक सहयोग गर्ने हो भने धेरै उद्योगी एवं व्यापारीहरूलाई असफल हुनबाट जोगाउन सकिन्छ । 'बेइमान ऋणी' बन्नबाट जोगाउन सकिन्छ । सहरकारी संस्था, बैंक एवं वित्तीय संस्थाहरूलाई 'असुल उपर हुन नसक्ने कर्जा दिएको कारण' डुब्ने स्थितिबाट जोगाउन सकिन्छ ।

सरकार (स्थानीय, प्रादेशिक, सङ्घीय) बाट खासै सहयोग नपाएर वा सहयोगविहीन भएर पनि अनेक उद्योगी, व्यापारी एवं व्यवसायीहरू अहिले असफल हुने स्थिति छ ।

## दशैंमा नेपाली अर्थतन्त्रले गति लेला ?

दशैं नेपालमा सबैभन्दा ठूलो र महत्त्वपूर्ण चाड मानिन्छ र यसले नेपाली समाज, संस्कृति र अर्थतन्त्रमा ठूलो प्रभाव पार्छ । विशेषगरी नेपाली अर्थतन्त्रमा दशैंको प्रभाव गहिरो हुन्छ । किनकि यो पर्वले देशभरमा आर्थिक गतिविधि बढाउँछ । यस विवेचनामा हामी दशैंले नेपाली अर्थतन्त्रमा पार्ने सकारात्मक र नकारात्मक प्रभावहरूका साथै यसले अर्थतन्त्रलाई गति दिन सक्छ कि सक्दैन भन्ने पक्षमा छलफल गर्नेछौं ।

**उपभोगमा वृद्धि**

**यदि दशैंको समयमा भएका आर्थिक गतिविधिलाई दीर्घकालीन योजनाहरूमार्फत सुदृढ गरिएमा यो चाडले नेपालको समग्र अर्थतन्त्रमा अझ सशक्त र दिगो प्रभाव पार्न सक्छ । साथै दशैंले सिर्जना गरेका अवसरहरूलाई दीर्घकालीन विकासका योजनासँग जोडेर आर्थिक प्रगति गर्न सकिन्छ ।**

दशैंको समयमा उपभोक्ताहरूको खर्च गर्ने क्षमता र इच्छा दुवै बढ्छ । यो मुख्यरूपमा किनमेल, खानपिन, यात्रा, मनोरञ्जन र अन्य आवश्यकताका क्षेत्रमा देखिन्छन् । दशैंको तयारीमा मानिसहरूले नयाँ कपडा, खाद्य पदार्थ, घरायसी सामग्री र विभिन्न प्रकारका उपहारहरू खरीद गर्छन् । यसले बजारमा मागको वृद्धि गराउँछ, जसले गर्दा व्यवसायीहरूको बिक्रीमा उल्लेखनीय वृद्धि हुन्छ ।

कृषि क्षेत्रमा दशैंको प्रभाव पनि देखिन्छ, किनकि यो चाड प्रायः नवागत अन्नको आगमनसँग मेल खान्छ । किसानहरूले आफ्ना उत्पादन बेच्नको लागि राम्रो अवसर पाउँछन् । फलस्वरूप ग्रामीण क्षेत्रबाट पैसा शहरतिर प्रवाहित हुन्छ, जसले समग्रमा आर्थिक क्रियाकलापमा वृद्धि गर्छ ।

**रोजगारमा वृद्धि**

दशैंको बेला रोजगारमा वृद्धि हुने एउटा प्रमुख पक्ष हो । यस चाडको तयारी र सञ्चालनका लागि विभिन्न क्षेत्रमा अस्थायी रोजगार सिर्जना हुन्छ । विशेषगरी खुद्रा व्यवसाय, यातायात, पर्यटन तथा मनोरञ्जन क्षेत्रमा कामदारको माग उच्च हुन्छ ।

मेला, बजार र विभिन्न व्यापारिक केन्द्रहरूमा अस्थायीरूपमा व्यापारिक गतिविधि गर्नेहरूलाई अवसर मिल्छ । त्यस्तै, दशैंको समयमा निर्माण क्षेत्रमा पनि केही वृद्धि देखिन्छ, किनकि कतिपय परिवारहरू दशैं अघि घरको मर्मतसम्भार र सजावट गर्न चाहन्छन् । यसले गर्दा निर्माण सामग्रीको माग बढ्छ र यो क्षेत्रमा पनि रोजगार सिर्जना हुन्छ ।

**कृषि र पशुपालन क्षेत्रको महत्त्व**

नेपालको ग्रामीण अर्थतन्त्र मुख्यरूपमा कृषि र पशुपालनमा आधारित छ । दशैंको बेला यी क्षेत्रहरूमा ठूलो प्रभाव पर्छ । दशैंको समयमा पशुपालन विशेषगरी महत्त्वपूर्ण हुन्छ, किनकि यस समयमा पशुको माग उल्लेखनीयरूपमा बढ्छ । दशैंमा मासुजन्य उत्पादनको खपत धेरै हुन्छ, जसले गर्दा पशुपालकहरूले राम्रो मूल्य पाउँछन् ।

यसले ग्रामीण अर्थतन्त्रमा पैसा प्रवाह गराउँछ, जसले ग्रामीण क्षेत्रहरूमा आर्थिक गतिविधिलाई बढावा दिन्छ । कृषि उत्पादनहरूमा विशेषगरी चामल, मकै र अन्य अन्न बालीहरूको बिक्री पनि राम्रो हुन्छ, किनकि मानिसहरू चाडपर्वको तयारीमा हुने भएकाले यी वस्तुहरूको मागमा वृद्धि हुन्छ ।

**विप्रेषणको योगदान**

नेपालको अर्थतन्त्रमा विप्रेषणाले महत्त्वपूर्ण भूमिका खेल्छ । दशैंको समयमा विशेषगरी विदेशमा रहेका नेपालीहरूले आफ्ना परिवारलाई चाड मनाउन पैसा पठाउँछन् । यसले अर्थतन्त्रमा थप नगद प्रवाह गराउँछ । दशैंमा विप्रेषणको प्रयोग मुख्यतया घरायसी आवश्यकताका लागि गरिन्छ, जसले गर्दा बजारमा माग वृद्धि हुन्छ र उपभोक्ता खर्चमा उल्लेखनीय वृद्धि हुन्छ ।

विप्रेषणको कारणले गर्दा ग्रामीण क्षेत्रहरूमा पनि दशैंको समय ठूलो खर्च गर्ने क्षमता वृद्धि भएको देखिन्छ । यो चाडपर्वले विदेशमा रहेका कामदारहरू र उनीहरूको परिवारबीचको सम्बन्धलाई पनि आर्थिकरूपमा बलियो बनाउँछ ।

**पर्यटन क्षेत्रमा वृद्धि**

दशैंमा नेपाली मात्र नभई विदेशी पर्यटकहरू पनि नेपाल आउने गर्छन् । यो समय नेपालको सुन्दर मौसम र सांस्कृतिक विविधताको आकर्षणाले पर्यटकहरूलाई आकर्षित गर्छ । नेपालका विभिन्न पर्यटकीय क्षेत्रहरू पोखरा, काठमाडौं, चितवन र लुम्बिनीमा पर्यटकहरूको आवागमन बढ्छ । यसले होटल, रेस्टुरेन्ट, यातायात र अन्य सेवा उद्योगहरूमा व्यापारिक गतिविधि बढाउँछ ।

दशैंको समयमा नेपालमा हुने धार्मिक र सांस्कृतिक कार्यक्रमहरू पनि पर्यटकहरूको लागि प्रमुख आकर्षण हुन् । यसले नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्न मदत पुऱ्याउँछ । पर्यटन क्षेत्रले दशैंको समयमा महत्त्वपूर्ण आम्दानी गर्ने भएकोले अर्थतन्त्रमा यसको योगदान ठूलो हुन्छ ।

**आर्थिक असमानता र सामाजिक दबाब**

यद्यपि दशैंले समग्रमा नेपाली अर्थतन्त्रलाई गति दिन्छ, तर यसले केही चुनौतीहरू पनि सिर्जना गर्छ । दशैंको समयमा धेरै मानिस आफ्नो खर्च क्षमताभन्दा बढी खर्च गर्छन्, जसले गर्दा उनीहरू ऋणमा पर्न सक्छन् । विशेषगरी निम्न आय भएका वर्गहरूका लागि दशैं आर्थिकरूपमा दबाबपूर्ण बन्न सक्छ ।

सामाजिक मान्यता र दबाबका कारण मानिसहरू आफूले नचाहेका खर्च गर्न बाध्य हुन्छन् । यसले कतिपय व्यक्तिहरूलाई आर्थिक कठिनाइमा पुऱ्याउँछ । यसको अतिरिक्त दशैंपछि धेरै व्यक्ति आर्थिकरूपमा कमजोर हुन सक्छन्, जसको दीर्घकालीन असर उनीहरूको आर्थिक स्थायित्वमा पर्न सक्छ ।

**सार्वजनिक वित्त र सरकारको खर्च**

दशैंको समयमा सरकारले विभिन्न क्षेत्रमा खर्च वृद्धि गर्नुपर्छ । विशेषगरी सुरक्षा व्यवस्था, यातायात सुविधा, बजार अनुगमन र अन्य सेवाप्रदायक क्षेत्रहरूमा सरकारी स्रोतसाधनको माग बढ्छ । यसले सरकारले ठूलो मात्रामा खर्च गर्नुपर्ने स्थिति निम्त्याउँछ ।

साथै दशैंको समयमा कर सङ्कलनमा केही हदसम्म प्रभाव पर्ने सम्भावना हुन्छ । किनकि धेरै उद्योग र व्यवसायले आफ्नो व्यापार घटाउँछन् वा बन्द गर्छन् । यद्यपि निजी क्षेत्रको वृद्धि र उपभोक्ताको खर्चले गर्दा अर्थतन्त्रमा समग्ररूपमा सकारात्मक असर पर्ने सम्भावना रहन्छ ।

**बैंकिङ क्षेत्रको भूमिका**

(बाँकी पाँचौं पातामा)

## विदेशी मुद्राको सञ्चिति २१ खर्ब पुग्यो

काठमाडौं, १० असोज/रासस

देशभित्र विदेशी मुद्राको सञ्चिति करीब रु २१ खर्ब पुगेको छ । नेपाल राष्ट्र बैंकले बिहीवार सार्वजनिक गरेको विवरण अनुसार कुल विदेशी मुद्राको



सञ्चिति रु २० खर्ब ९२ अर्ब २२ करोड पुगेको हो । यो विवरण गत साउन मसान्तसम्मको हो ।

गत असार मसान्तमा कुल विदेशी मुद्राको सञ्चिति रु २० खर्ब ४१ अर्ब १० करोड बराबर थियो । त्यसमा दुई दशमलव पाँच प्रतिशतले वृद्धि भई रु २० खर्ब ९२ अर्ब २२ करोड बराबर पुगेको हो । अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १५ अर्ब २७ करोड रहेकामा गत साउन मसान्तसम्म आइपुग्दा दुई प्रतिशतले वृद्धि भई १५ अर्ब ५८ करोड बराबर पुगेको छ ।

विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु १८ खर्ब ८३ अर्ब ४२ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्थामा रहेको विदेशी मुद्राको सञ्चिति रु दुई खर्ब आठ अर्ब ७९ करोड छ ।

चालू आवको पहिलो महीनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १६ दशमलव सात महीनाको वस्तु आयात र १३ दशमलव पाँच महीनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको जनाइएको छ ।

**एक खर्ब ३६ अर्ब विप्रेषण भित्रियो**

चालू आर्थिक वर्षको पहिलो महीनामा रु एक खर्ब ३६ अर्ब ९३ करोडको विप्रेषण देशभित्र भित्रिएको छ । नेपाल राष्ट्र बैंकले बिहीवार सार्वजनिक गरेको विवरण अनुसार समीक्षा अवधिमा विप्रेषण आप्रवाह १८ प्रतिशतले वृद्धि भएको हो ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२ दशमलव आठ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह एक अर्ब दुई करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ८७ करोड ९८ लाख रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको सङ्ख्या ३६ हजार ९२८ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या २२ हजार ६४७ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः ३९ हजार १५२ र १६ हजार ४२३ थियो ।

केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु एक खर्ब ४८ अर्ब ४९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु एक खर्ब २८ अर्ब २१ करोड थियो ।

# समृद्धिका लागि युवा लक्षित कार्यक्रमको खाँचो

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**पूँजी नभएर नेपाल विकसित नभएको होइन, भएको पूँजीको उचित व्यवस्थापन र उत्पादनमुखी क्षेत्रमा लगानी गर्दै रोजगारको अवसर सिर्जना गर्न नसक्नु हो । त्यसैले विप्रेषणमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै लैजानुपर्दछ ।**

अहिलेको युवा पलायनले सबैभन्दा ठूलो समस्या निम्त्याएको भनेकै प्रतिभा पलायन हो । 'नेपालमा केही हुँदैन' भन्ने एक किसिमको नकारात्मक भाष्य निर्माण हुँदै गएको छ । 'यहाँ गरेर केही हुँदैन' भन्ने हाउगुजी जहाँकहीं सुनिन्छ । यही भाष्यका कारण शिक्षित तथा सीप भएका युवाको विदेश पलायन बढिरहेको छ । यसको प्रत्यक्ष असर नेपालको अर्थतन्त्रमा परेको छ । प्रतिभा पलायनकै कारण अहिले समाजमा बालश्रम फस्टाउन थालेको छ । होटेल व्यवसाय, उद्योग, निर्माण र अन्य व्यवसायमा विपन्न तथा गरीब परिवारका बालबालिकाले काम गर्ने गरेको सहजै देख्न सकिन्छ। नेपालको प्रायः सबै गाउँ युवाविहीन हुँदै गएको छ। गाउँ पुग्दा हरेक ज्येष्ठ नागरिकको मुखबाट प्रायः यस्तै जवाफ सुनिन्छ ।

नेपालमा जहिले पनि अवसर र रोजगारको बहस सडकदेखि सरकारसम्म हुने गर्छ । नेपालका युवा मध्यपूर्व, युरोपदेखि अमेरिकामा अध्ययनको अवसर खोज्ने निहुमा विदेशिने गरेका छन् । रोजगारको खोजमा लाखौं युवा खाडी मुलुक पुगेका छन्। युवाहरू स्पष्ट मार्ग निर्देशको अभावमा भौंतारिरहेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सबै स्थानीय तहबाट सङ्कलन गरेको तथ्याङ्क अनुसार मुलुकमा १७ लाख बेरोजगारी छन् । यो सङ्ख्या कुल श्रमशक्तिको २१.५४ प्रतिशत हो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुल जनसङ्ख्याको १६ देखि ४० वर्ष उमेर समूहका युवा ४२.५६ प्रतिशत छन् । युवा नवप्रवर्तन र दृढ सङ्कल्पका मुहान हुन्। परम्परागत सीमा भत्काउने, असङ्ख्य सामाजिक पहलमार्फत परिवर्तन ल्याउन सक्ने शक्ति युवा नै हुन्। त्यसैले युवालाई सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा सहज पहुँचको व्यवस्था मिलाई मुलुकको आर्थिक विकासका विभिन्न क्षेत्रमा परिचालन गरे मात्र 'सक्षम युवा समृद्ध नेपाल' बनाउन सकिएला । तर यसविपरीत नेपालको प्रत्येक आर्थिक वर्षको बजेटले युवा पुस्तालाई समेट्न नसकेको तीतो यर्थाथ पनि हामीसँगै छ । फलस्वरूप युवामा निराशा छाउने गरेको र यसको कारण युवा पुस्ता विदेशिन बाध्य छन्। झन्डै आधाको हाराहारी भएका युवाका लागि एकदमै न्यून बजेट विनियोजन गर्ने गरिन्छ। युवाका लागि बजेट बढ्नुपर्नेमा दिन प्रतिदिन घट्दो क्रममा छ। आर्थिक वर्ष २०८०–०८१ का लागि सरकारले प्रस्तुत गरेको बजेटमा युवा तथा खेलकूद मन्त्रालयको बजेट करीब ३८ करोड रुपियाँले घटेको थियो। आव २०८०–८१ मा युवा तथा खेलकूदका लागि दुई अर्ब ८७ करोड ५९ लाख बजेट छुट्याइएको थियो। यो बजेट युवा र खेलकूद दुवैका लागि हो। यो बजेट कुल बजेटको ०.१६ प्रतिशत हो। आव २०७९–८० मा कुल बजेटको ०.१८ प्रतिशत युवा तथा खेलकूद मन्त्रालयका लागि छुट्याइएको थियो। राज्यको झन्डै आधाको हाराहारीमा रहेको युवा जनसङ्ख्याका लागि एक प्रतिशत पनि बजेट छुट्याउन नसक्दा युवा पुस्तामा निराशा छाउने गरेको हो।

बेरोजगारीकै कारण मन नमान्दा पनि विदेशिने युवाको सङ्ख्या ह्वात्तै बढेको छ। आर्थिक वर्ष २०८०–०८१ मा सात लाख ४१ हजार २९७ श्रम स्वीकृति लिएर विदेशिएका छन् । गत आर्थिक वर्षमा यसरी विदेश जानेको सङ्ख्या हालसम्मकै उच्च, अर्थात् सात लाख ७१ हजार रहेको थियो। वैदेशिक रोजगार बोर्डका अनुसार आव २०६५–०६६ देखि २०७८–०७९ सम्म (१५ वर्षको अवधि) मा ५० लाखभन्दा बढी नेपाली वैदेशिक रोजगारका लागि विभिन्न मुलुक पुगेको तथ्याङ्क छ। यो सङ्ख्या पुनः श्रम स्वीकृति लिनेबाहेकको हो। नेपालले ११० मुलुकलाई संस्थागतरूपमा वैदेशिक रोजगारका लागि खुला गरेको भए पनि व्यक्तिगत श्रम स्वीकृतिमा करीब १७२ भन्दा बढी मुलुकमा नेपाली रोजगारका लागि जाने गरेको पाइन्छ ।

मुलुकमा बढ्दो बेरोजगारका कारण नेपाली युवा द्वन्द्वग्रस्त मुलुकमा समेत रोजगार खोज्दै जान बाध्य छन्। स्वदेशमैं रोजगारको वातावरण, उद्यमशीलता र काम अनुसारको दाम व्यवस्था भइदिएको भए विकासका संवाहक युवा बाहिरिनुपर्ने थिएन। बर्सेनि आउने बजेटमा युवालक्षित कार्यक्रम प्राथमिकतामा नपर्नु, थोरै बजेट विनियोजन हुनु र विनियोजित थोरै बजेट र कार्यक्रम पनि फ्रिज हुने अवस्था उत्पन्न हुँदा युवाले राज्यबाट हेपिएको महसूस गर्नु स्वाभाविक पनि हो । कुनै पनि मुलुकका लागि युवा आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत हुन्। साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्गलाई मुलुकको प्रमुख धरोहरका रूपमा मानिन्छ । यिनीहरू राष्ट्र निर्माणका प्रमुख स्रोत पनि हुन् । युवा शक्तिलाई कुनै पनि मुलुकको विकासको मेरुदण्डका रूपमा लिने गरिन्छ । विशेषगरी नेपालमा व्यावहारिक र रोजगारमूलक शिक्षाको अभाव तथा व्यावसायिक सीप र प्रविधिमा न्यून पहुँच भएका कारण श्रमका लागि विदेशिने युवाको सङ्ख्या दिनानुदिन बढ्दै गएको हो ।

नेपालमा युवा रोजगारका सम्भावना तथा अवसर छैन भन्ने होइन। पछिल्ला दिनमा विकासमा अर्थपूर्ण सहभागिता, कृषि, पर्यटन, जलस्रोतलगायत प्राकृतिक साधनस्रोतको उपलब्धतामा वृद्धि र बैंकिङ सेवा–सुविधामा विस्तार भएको छ। यसका आधारमा लक्षित समूह एवं भौगोलिक क्षेत्र केन्द्रित गरी कार्यक्रम विस्तार गर्न सकिन्छ । साथै वैदेशिक रोजगारबाट प्राप्त सीप, अनुभव र साधनस्रोत प्रयोग गरी आन्तरिक रोजगार सिर्जना गर्न सकिने सम्भावना त्यत्तिकै छ। स्थानीयस्तरमैं पनि कृषि र पशुपालन क्षेत्रमा काम गरेर आत्मनिर्भर हुन चाहन्छन् तर लगानी गर्न आर्थिक अभाव छ ।

सरकारले कृषि र पशुपालनमा अनुदानको व्यवस्था गरेर युवाका लागि नेपालमैं बस्ने वातावरण बनाउनुपर्छ । यसका लागि केन्द्रीय सरकारले उद्यमी बनाउने, स्थानीय उत्पादनमा प्रोत्साहन गर्ने, कृषि र पशुपालनमा अनुदानको व्यवस्था गर्ने, उद्योग र कलकारखाना स्थापना गर्ने, स्थानीय तहसम्मै युवाका लागि तालीमका अवसर दिनेलगायत विषय प्राथमिकतामा राख्नुपर्नेछ। उद्योग क्षेत्रमा १७.५ प्रतिशतले रोजगार पाएको देखिन्छ। कुल राष्ट्रिय रोजगारमा उद्योग क्षेत्रको योगदान ८.१ प्रतिशत छ । नेपालमा बढ्दै गएको युवा बेरोजगारीमा कमी ल्याउन कम्तीमा आउँदो एक दशकसम्म कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा, कलकारखाना तथा व्यापार व्यवसायका माध्यमबाट थप रोजगार सिर्जना गर्न विशेष जोड दिनुपर्ने देखिन्छ। त्यस्तै पर्यटन क्षेत्र रोजगारका मुख्य स्रोतमध्ये एक हो ।

सन् २०१८ मा कुल पाँच लाख ७३ हजारले यस क्षेत्रमा रोजगार प्राप्त गरेका थिए। यो कुल रोजगारको आठ प्रतिशत हो। नेपालको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदा, हिमाली मनोरम दृश्य, पर्वतारोहण, पदमार्ग, तराईका फाँट, वन्यजन्तु, निकुञ्ज, जलसम्पदा आदि पर्यटनका मुख्य आधार क्षेत्र हुन् । यी क्षेत्रको संरक्षण, संवर्द्धन र विविधीकरण गरी नयाँ–(नयाँ पर्यटकीय गन्तव्यको पहिचान, विकास र प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रमा थप रोजगार सिर्जना गर्न सकिन्छ । यस्ता अवसर शहरमुखी मात्र होइन, गाउँमुखी पनि हुनुपर्छ ।

अहिलेको युग सूचना प्रविधिको हो । त्यसैले युवालाई सूचना प्रविधिसँग जोड्न 'युवा र सूचना प्रविधि' तालीम सञ्चालन गर्न सकिन्छ । जसले नेपाली युवालाई विश्वमा जोड्न सकिन्छ। नेपालमा कस्तो प्राविधिक ज्ञान तथा सीप आवश्यक छ, त्यसका आधारमा तालीमलाई लक्षित गर्नुपर्छ । हरेक प्रदेशमा युवाका लागि वित्तीय साक्षरता सञ्चालन गर्ने, युवा वैज्ञानिकलाई समेटेर प्रोत्साहित गर्दै राष्ट्रिय तथा प्रदेशस्तरीय युवा वैज्ञानिक सम्मेलन गरी नयाँ–नयाँ खोज तथा प्रविधिलाई राज्यबाट सहयोग दिलाउने योजना बनाउने र वातावरण संरक्षणमा युवा जमातलाई संलग्न गराउन प्रदेश स्तरीय 'जलवायु सम्मेलन' आयोजना गरी जलवायुसँग युवालाई दक्ष बनाउने र अन्तर्राष्ट्रियस्तरमा नेपाली युवाको प्रतिनिधित्व गराउन पहल गर्दा युवा थप समक्ष बन्ने अपेक्षा गर्न सकिन्छ । युवा उद्यमशीलतालाई प्राथमिकतामा राखी युवा स्वरोजगार कोष परिचालन गरी नयाँ स्टार्टअपमा लगानी गर्नेगरी कार्यक्रम तयार गर्नेलगायतका मुद्दालाई सरकारले विशेष प्राथमिकतामा राख्नुपर्छ। युवालाई परियोजनाको आधारमा उद्यमशीलताका लागि सहुलियतपूर्ण कर्जा दिने कार्यक्रमलाई द्रुत गतिमा अगाडि बढाउने, प्रविधियुक्त तथा सूचना प्रविधिसम्बन्धी अध्ययन गर्न इच्छुक युवालाई सरकारले शैक्षिक कर्जा दिने, नेपालमा रहेको विभिन्न खाना, परिकार, सांस्कृतिक सम्पदा, पर्यटकीय स्थल, हिमाल तथा अन्य पर्यटकीय गन्तव्यलाई एकीकृत गर्दै युवालाई जानकारी गराउने, राज्यले युवालाई दिने प्रोत्साहन, पुरस्कार र सम्मान, पहुँचभन्दा पनि योग्य र दक्ष छनोट गर्ने अभ्यास गर्नु आवश्यक छ ।

पूँजी नभएर नेपाल विकसित नभएको होइन, भएको पूँजीको उचित व्यवस्थापन र उत्पादनमुखी क्षेत्रमा लगानी गर्दै रोजगारको अवसर सिर्जना गर्न नसक्नु हो । त्यसैले विप्रेषणमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै लैजानुपर्दछ। जसले गर्दा विदेशी हस्तक्षेपमा न्यूनीकरण भई परनिर्भरता अन्त्य भएर आत्मसम्मानको प्रत्याभूति हुन्छ ।

# नेपाल हस्पिटालिटी कन्क्लेभ शुरू

काठमाडौं, १० असोज/रासस

नेपाल हस्पिटालिटी कन्क्लेभको दोस्रो संस्करण काठमाडौंमा शुरू भएको छ। नेपाली आतिथ्यता क्षेत्रको विकास एवं प्रवर्द्धन गर्ने उद्देश्यले होटल सङ्घको आयोजनामा राष्ट्रियस्तरको सम्मेलन आयोजना गरिएको हो ।

विश्व पर्यटन दिवसका अवसरमा आयोजित दुई दिने सम्मेलनले होटल सञ्चालक, लगानीकर्ता, नीति–निर्माता, नियामक, विज्ञ, नेपालमा सञ्चालित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय होटलको नेतृत्ववर्ग, सेवाप्रदायकलगायत यस क्षेत्रसँग सम्बन्धित करीब दुई सयभन्दा बढी सरोकार भएकाको सहभागिता रहेको सङ्घले जनाएको छ।

कन्क्लेभको उद्घाटन गर्दै होटल सङ्घका अध्यक्ष विनायक शाहले आतिथ्यता क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप, रणनीति तथा विचारको आदानप्रदानका लागि यो कार्यक्रमले साझा मञ्च प्रदान गर्ने विश्वास व्यक्त गरे । उनले होटललगायत पर्यटकीय पूर्वाधारको उपयोग गरेर व्यावसायिक लाभ लिनसक्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा आतिथ्यता क्षेत्रसँग सम्बन्धित नेपालमा होटलको वर्तमान अवस्था, समस्या तथा चुनौती, नयाँ चालचलन एवं अभ्यास, नवप्रवर्तन, सहकार्य, सूचना प्रविधि, डिजिटल मार्केटिङ तथा साझेदारीलगायत विषयमा छलफल हुने आयोजकले जनाएको छ ।

होटल सङ्घ नेपालसँगको सहकार्यमा विनस्टक एशिया नेपाल, वाटरकम र नेपाल ट्राभलरको संयुक्त आयोजना भएको नेपाल हस्पिटालिटी कन्क्लेभले होटल तथा आतिथ्यता व्यवसाय एवं समग्र उद्योगको बारेमा बुझाइ र भोगाइसँगै आगामी दिनमा अगाडि बढ्ने रणनीति बनाउने विश्वास लिइएको छ । सम्मेलनबाट उठेका विषयवस्तु श्वेतपत्र बनाइ सरकारी तथा सम्बन्धित निकायमा बुझाइने होटल सङ्घले जनाएको छ।

# नेप्से परिसूचक ओरालो लाग्यो

काठमाडौं, १० असोज/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार बिहीवार परिसूचक ३२ दशमलव ८१ अङ्कले ओरालो लागेर दुई हजार ४८६ दशमलव ७६ मा सीमित भएको छ ।


यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच



दशमलव ३४ अङ्कले ओरालो लागेर ७४७ दशमलव ४५ मा सीमित भएको छ । कारोबार भएका १३ उपसमूहमध्ये दुईवटा उपसमूहको शेयर मूल्य उकालो लाग्दा ११ उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ । कुल एक करोड ३६ लाख ९१ हजार ५९६ कित्ता शेयर रु चार अर्ब ८४ करोड १४ लाख सात हजार ७२० मूल्यमा खरीद–बिक्री भएको छ ।

नेप्सेका अनुसार विन नेपाल लघुवित्त नौ दशमलव ८५, बोटलर्स नेपाल बालाजु पाँच दशमलव शून्य छ, एसबिएल डिबेन्चर पाँच दशमलव शून्य पाँच, एनआइसी एशिया डिबेन्चर चार दशमलव ५६ र एनएमबी डिबेन्चरका लगानीकर्ताले चार दशमलव शून्य तीन प्रतिशतले कमाएका छन् ।

ग्रीन भेन्चर्स १०, दोर्दी खोला हाइड्रोपावर सात दशमलव ६९, अपि पावर कम्पनी सात दशमलव ४६, श्री स्टार हाइड्रोपावर छ दशमलव ७३ र इन्त्वा हाइड्रोपावरका लगानीकर्ताले छ दशमलव ६७ प्रतिशतले गुमाएका छन् ।



**सेती नदी जलविद्युत् आयोजनाको बाँधः** कास्कीको माछापुच्छ्रे गाउँपालिका–२ सार्दीखोलाको भराभरीमा रहेको निर्माणाधीन २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाको बाँध। आयोजनको मेशिनरी परीक्षण भइरहेकाले यही असोजभित्रमा व्यावसायिक विद्युत् उत्पादनको तयारी गरिएको छ। तस्बिरः कृष्ण दवाडी/रासस


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**

## अन्तर्राष्ट्रिय समाचार

# बङ्लादेशदेशको परिवर्तनपछि रोहिङ्ग्या शरणार्थी आशावादी

बङ्गलादेश, १० असोज/एएफपी

रोहिङ्ग्या शरणार्थी शोन्जिदाले बङ्गलादेशमा वर्षौंसम्म दुःख र हिंसा सहनुपर्दा निराश हुनुपरेको बताएकी छन्।

गत महीना पूर्वप्रधानमन्त्री शेख हसिना सत्ताच्युत भएपछि बनेको सरकारले उनीमा भविष्यका लागि नयाँ आशा जगाएको छ।



राज्यविहीन र उत्पीडनमा परेका मुस्लिम अल्पसङ्ख्यक समुदायका करीब १० लाख सदस्य मातृभूमि म्यान्मामा भएको हिंसाबाट भागेर बङ्गलादेशमा राहत शिविरमा बसिरहेका छन्।

सन् २०१७ मा म्यान्माको सेनाको दमनबाट भागेका करीब सात लाख ५० हजार रोहिङ्ग्याका लागि सीमा खुला गरेकोमा अन्तर्राष्ट्रिय समुदायले हसिना प्रशासनको प्रशंसा गरेको थियो। त्यसपछिका वर्षहरूमा शिविरहरूमा व्यापक भ्रष्टाचारले शरणार्थीलाई कुपोषणको शिकार बनाएको छ। यहाँ पटकपटक सशस्त्र आक्रमणका घटना देखा परेका छन्। शिविरका बासिन्दाले हसिनाको बहिर्गमनले उनीहरूको अवस्था सुध्रने आशा गरेका छन्।

"हामी र हाम्रा बच्चाहरू रातको समयमा गोलीकाण्डका कारण डरमा बाँचिरहेका छौं"–४२ वर्षीया शोन्जिदाले एएफपीसँग भनिन्।

शोन्जिदा आफ्नो शिविरमा विद्यालय जाने उमेरका बालबालिकाका लागि स्थापना गरिएका केही अनौपचारिक सिकाइ केन्द्रहरूमध्ये एकमा पढाउँछिन्। यसले उनलाई आफ्नो समुदायले सामना गरिरहेका विविध समस्याबारे एउटा अस्थिर अन्तर्दृष्टि प्रदान गरेको छ।

यी केन्द्रहरू शिविरका परिवारहरूको एक अंश मात्र पूरा गर्न सक्षम छन्। शरणार्थीको हैसियतले उनीहरूलाई बङ्गलादेशी विद्यालय, विश्वविद्यालय र स्थानीय रोजगार बजारबाट टाढा राख्छ।

त्यहाँका धेरै विद्यार्थी कुपोषित छन् किनभने अन्तर्राष्ट्रिय सहायतामा आएको ह्रासका कारण राशन कटौती गर्नुपरेको छ।

स्थानीय सञ्चार माध्यमका अनुसार यस वर्ष अहिलेसम्म भएका झडपमा ६० भन्दा बढी शरणार्थीको मृत्यु भएको र शिविर नियन्त्रणका लागि लडिरहेका प्रतिद्वन्द्वी लडाकू समूहको आवाजले उनीहरू डराएका छन्।

शोन्जिदा भन्छिन्–"हामी शान्ति चाहन्छौं र अब गोली नचलोस् र हाम्रा बच्चाहरू नडराऊन् भन्ने चाहन्छौं।"

"नयाँ सरकार सत्तामा छ, हामी आशा गर्दछौं कि यसले हामीलाई शान्ति, समर्थन, खाना र सुरक्षा प्रदान गर्नेछ।

राजधानी ढाकास्थित हसिनाको दरबारमा हजारौं मानिस आक्रमण गर्न पुगेको केही क्षण अघि गत महीना विद्यार्थी नेतृत्वको विद्रोहका कारण हसिनालाई सत्ताच्युत गरिएको थियो।

यस आन्दोलनले विरोधीहरूको गैरन्यायिक हत्या, प्रेस प्रतिबन्ध र नागरिक समाजमाथि दमनले ग्रस्त लामो शासनसत्ता ढालेको थियो।

म्यान्माबाट भागेका रोहिङ्ग्याहरूलाई स्वागत गर्ने हसिनाको निर्णयले उनलाई वाशिंगटन र अन्य पश्चिमी सहयोगीबाट केही कूटनीतिक राहत दिलाएको थियो। अन्यथा, उनको कार्यकालमा गरिएका दुर्व्यवहारबारे उनीहरूले नियमित आवाज उठाएका थिए। त्यसपछिका वर्षहरूमा शरणार्थीहरूलाई समायोजित गर्न उनको सरकारले गरेको सङ्घर्ष पनि अधिकारवादी समूहहरूको नियमित आलोचनाको विषय बनेको थियो।

शिविरहरूमा भीडभाड कम गर्न कम्तीमा ३६,००० रोहिङ्ग्यालाई पहिले निर्जन र चक्रवात प्रभावित टापू भशान चारमा स्थानान्तरण गरिएको थियो।

त्यहाँ पठाइएकामध्ये धेरैले इच्छाविपरीत जान बाध्य भएको बताएका छन् र एकजना शरणार्थीले ह्युमन राइट्स वाचसँग आफूलाई दिएको घरलाई 'समुद्रको बीचमा रहेको टापूको जेल' भनी वर्णन गरेका छन्।

शिविरहरूको दयनीय अवस्थाले हजारौंलाई दक्षिणपूर्वी एशियाली देशहरूमा नयाँ शरण खोज्न खतरनाक समुद्री यात्रामा जान उत्प्रेरित गरेको र यस्ता यात्राका कारण थुप्रै समुद्रमा डुबेका छन्।

नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुस नयाँ चुनाव अघि अन्तरिम सरकारको नेतृत्व गरिरहेका छन् र उनले गत महीना आफ्नो कार्यकालको शुरूआतमा रोहिङ्ग्या समुदायलाई निरन्तर सहयोग गरिरहने वाचा दिएका छन्।

धेरै शरणार्थीहरूले ८४ वर्षीय युनुसको प्रशासनको प्रारम्भिक हप्ताले उत्साहित बनाएको बताएका छन्।

समुदायका नेता ४८ वर्षीय हमिद हुसेनले एएफपीलाई बताए–"हामीले फेसबूक र युट्युबमा देख्यौं कि हाम्रा समुदायका धेरै नेताहरूले उनीसँग कुरा गरेका छन्, भेटेका छन्। म अहिले बढी आशावादी छु।"

युनुसले रोहिङ्ग्या समुदायको हेरचाह गर्न बङ्गलादेशलाई अन्तर्राष्ट्रिय समुदायको निरन्तर प्रयासको खाँचो रहेको बताए।

यस हप्ता संयुक्त राज्य अमेरिकाको यात्रामा उनले समूहका लागि थप विदेशी सहायताको लागि पहल गरेका छन्। अमेरिकी विदेश मन्त्रालयले राष्ट्रपति जो बाइडेनसँगको भेटपछि लगभग २०० मिलियन अमेरिकी डलर अतिरिक्त कोषको घोषणा गरेको छ।

युनुसले शरणार्थीहरू सुरक्षित मूल घरमा फर्काउने सम्भावना पहिलेभन्दा पातलो देखिएको भन्दै छिटोभन्दा छिटो तेस्रो मुलुकमा पुनर्स्थापना गर्न पनि आह्वान गरेका छन्। रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | उदरपीडा | वृष | विजय |
| मिथुन | धनखति | कर्कट | भाग्योदय |
| सिंह | बेचैनी | कन्या | मनोरञ्जन |
| तुला | कर्मप्राप्ति | वृश्चिक | राज्यभय |
| धनु | वादविवाद | मकर | यात्रालाभ |
| कुम्भ | अलमल | मीन | चोरभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# चीन र रूसद्वारा युक्रेन सङ्कटबारे छलफल

बेइजिङ, १० असोज/एएफपी

चीन र रूसका विदेशमन्त्रीहरूले संयुक्त राष्ट्रसङ्घीय महासभामा युक्रेन युद्धबारे छलफल गरेका छन्।

पछिल्लो समय चीन–रूस सम्बन्ध बलियो भएको छ भने सन् २०२२ मा मस्कोले युक्रेनमा आक्रमण गरेपछि द्विपक्षीय व्यापारले बढावा पाएको छ।

पश्चिमी मुलुकहरूले रूसको आक्रामक युद्धको समयमा बेइजिङले राजनीतिक आवरण र आर्थिक समर्थन प्रदान गरेको आरोप लगाएका छन्। आरोपलाई चीनले अस्वीकार गर्दै द्वन्द्वमा तटस्थता कायम राखेको जनाएको छ।

चिनियाँ सरकारी सञ्चारमाध्यम सिसिटिभीले बिहीवार विदेशमन्त्री वाङ यीले संयुक्त राष्ट्रसङ्घीय महासभामा रूसी समकक्षी सर्गेई लाभरोभसँग भेटवार्ता गरेको जनाएको छ।

छलफलमा दुवै पक्षले युक्रेन सङ्कटलगायत विषयमा विचार विमर्श गरेको सिसिटिभीले उल्लेख गरेको छ।

विदेशमन्त्री वाङले द्विपक्षीय सम्बन्ध उतार–चढावबाट गुज्रिएको उल्लेख गर्दै स्थायी असल छिमेकीको रूपमा चीन–रूस सम्बन्धलाई अगाडि बढाउने उल्लेख गरेका छन्।

चीन र रूसले 'नो–लिमिट्स' साझेदारी अनुरूप विश्वव्यापी मामिलामा अमेरिकी नेतृत्वको पश्चिमी प्रभुत्वको विरोध गर्दै आएका छन्। रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**संरक्षित शालिग्रामः** बागलुङ नगरपालिका–४ कुडेलेस्थित श्रीधराचार्य शालिग्राम सङ्ग्रहालयमा संरक्षित लोपोन्मुख शिला शालिग्राम। कालीगण्डकी नदीमा पाइने शिला पछिल्लो समय लोप हुन थालेपछि यहाँ सङ्ग्रह गरी संरक्षण गरिएको छ। तस्बिरः खेमराज गौतम/रासस

**दशैंमा ...**

दशैंको समयमा बैंकिङ क्षेत्रको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। धेरै मानिसले दशैंको तयारीका लागि बैंकबाट ऋण लिन्छन्। बैंकहरूले विभिन्न प्रकारका दशैं विशेष योजना ल्याउँछन्, जसले उपभोक्ताहरूलाई सजिलै ऋण लिन र आफ्नो खर्च व्यवस्थापन गर्न सहयोग पुर्‍याउँछ।

यस समयमा बैंकिङ गतिविधिमा पनि वृद्धि हुन्छ, किनकि मानिसहरूले नगद निकाल्न, बचत गर्न वा अन्य बैंकिङ सेवा प्रयोग गर्न चाहन्छन्। बैंकहरूका लागि दशैंको समय धेरै फाइदाजनक हुन्छ, किनकि यसले उनीहरूको ग्राहक आधारलाई फराकिलो पार्न मदत पुर्‍याउँछ।

**वित्तीय स्थायित्व र दीर्घकालीन असर**

दशैंले तत्कालीनरूपमा नेपाली अर्थतन्त्रमा गति दिन सक्छ तर यसको दीर्घकालीन असरमा पनि विचार गर्नु आवश्यक छ। चाडपर्वपछि उपभोगमा आएको गिरावटले अर्थतन्त्रमा केही समयका लागि मन्दीको अवस्था सिर्जना गर्न सक्छ।

साथै दशैंपछि वित्तीय स्थायित्वका लागि सरकार र निजी क्षेत्रले सावधानीपूर्वक योजना बनाउनु आवश्यक हुन्छ। यदि दशैंको समयमा अत्यधिक खर्च वा ऋण लिइएको छ भने, त्यो दीर्घकालीन वित्तीय अस्थिरताको कारण बन्न सक्छ।

**वित्तीय प्रवाह र नगदको तरलता**

दशैंको समयमा बैंकिङ र वित्तीय संस्थाहरूले उच्च मात्रामा नगद प्रवाहको सामना गर्छन्। यो नगदको तरलता मुख्यतया उपभोक्ताहरूको अत्यधिक खर्च गर्ने इच्छाले उत्पन्न हुन्छ। धेरै मानिस यो समयमा ठूलो रकम बैंकबाट निकालेर चाडपर्व मनाउन खर्च गर्छन्। नगद प्रवाहमा वृद्धि हुँदा बजारमा क्रयशक्ति बढ्छ, जसले व्यवसायहरूलाई तत्कालीनरूपमा लाभ प्रदान गर्छ।

तरलताको यस वृद्धिले वित्तीय संस्थाहरूलाई पनि केही चुनौती सिर्जना गर्न सक्छ। अत्यधिक नगद निकालिंदा बैंकहरूमा तरलता अभावको समस्या आउन सक्छ। यस्तो अवस्थामा बैंकहरूले आफ्नो तरलता व्यवस्थापनमा सावधानी अपनाउनुपर्छ।

**खुद्रा व्यापारमा वृद्धि**

दशैंको बेला खुद्रा व्यापार विशेषगरी कपडा, खाद्य पदार्थ, गहना र इलेक्ट्रोनिक्स सामग्रीहरूमा अत्यधिक वृद्धि हुन्छ। उपभोक्ताहरू विशेषरूपमा नयाँ कपडा र विभिन्न प्रकारका उपहारहरू किन्ने गर्छन्। यसले नेपालका खुद्रा व्यापारीहरूलाई ठूलो व्यापारिक अवसर प्रदान गर्छ।

नेपालमा अहिलेको समयमा अनलाइन व्यापार पनि विस्तारै बढ्दै गएको छ र दशैंको समयमा अनलाइन प्लेटफर्महरूमा खरीद–बिक्री उल्लेखनीयरूपमा बढ्छ। यसले ई–कमर्स व्यवसायहरूको वृद्धिमा थप बल दिन्छ र बजारको विस्तारका लागि नयाँ अवसरहरू खुल्छन्।

**दशैंको व्यापार सन्तुलनमा प्रभाव**

दशैंको समयमा आयातीत सामानहरूको माग धेरै हुने गर्छ। विशेषगरी इलेक्ट्रोनिक्स, कपडा र खाद्यवस्तुहरू आयात गरी बेचिन्छन्। यसले व्यापार घाटालाई थप विस्तार गराउने सम्भावना हुन्छ, किनकि नेपालमा स्थानीय उत्पादनको तुलनामा आयातीत वस्तुको प्रयोग प्रायः धेरै हुन्छ।

नेपालको व्यापार सन्तुलन पहिलेदेखि नै घाटामा रहेको छ र दशैंको समयमा आयातमा वृद्धि हुँदा यो घाटा थप बढ्न सक्छ। यद्यपि सरकारले स्थानीय उत्पादनको प्रवर्द्धन र नेपाली सामानको माग बढाउन विशेष योजना लागू गरेमा यो नकारात्मक प्रभावलाई केही हदसम्म न्यूनीकरण गर्न सकिन्छ।

**कर प्रणाली र सरकारी राजस्व**

दशैंको समयमा अर्थतन्त्रको वृद्धि सँगसँगै सरकारी राजस्व सङ्कलनमा पनि वृद्धि हुन सक्छ। कर सङ्कलनमा वृद्धि हुन मुख्यतः निजी क्षेत्रको बिक्री वृद्धि र व्यवसायहरूबाट उठाइएको करको कारण हुन्छ। यसले अर्थतन्त्रलाई दीर्घकालीनरूपमा सुदृढ बनाउन मदत पुर्‍याउँछ।

तर केही व्यवसायीहरूले कर छल्ने प्रवृत्ति देखाउन सक्छन्, विशेषगरी असङ्गठित क्षेत्रका व्यापारीहरूले। यसलाई नियन्त्रण गर्न सरकारी निकायहरूले बजार अनुगमन र कर सङ्कलनमा कडाइ गर्न आवश्यक हुन्छ। यसरी सरकारले दशैंको समयमा राजस्व सङ्कलनमा वृद्धि गर्न सक्छ, जसले दीर्घकालीनरूपमा आर्थिक स्थिरता कायम राख्न मदत पुर्‍याउँछ।

**खपतको असन्तुलन र मुद्रास्फीति**

दशैंको समयमा अत्यधिक माग र खर्चका कारण केही वस्तुहरूको मूल्य बढ्न सक्छ। विशेषगरी खाद्य सामग्री, कपडा र उपभोग्य वस्तुहरूको मूल्यमा वृद्धि हुन्छ। यसको परिणामस्वरूप मुद्रास्फीतिमा वृद्धि हुने सम्भावना हुन्छ।

मुद्रास्फीतिको असर मुख्यरूपमा न्यून आय भएका वर्गहरूमा पर्छ, किनकि उनीहरूलाई यस समयमा आवश्यक वस्तुहरूको खरीद गर्न कठिनाइ हुन्छ। यो मूल्यवृद्धिलाई नियन्त्रण गर्न सरकारले बजारमा वस्तुहरूको आपूर्ति सन्तुलन गर्न ध्यान दिनुपर्छ। बजार अनुगमन, मूल्य नियन्त्रण र उचित वितरण प्रणाली लागू गरेर यस प्रकारको मुद्रास्फीतिलाई नियन्त्रण गर्न सकिन्छ।

**वित्तीय समावेशन**

दशैंले अर्थतन्त्रमा गति ल्याउनुका साथै वित्तीय समावेशनमा पनि योगदान पुर्‍याउँछ। ग्रामीण क्षेत्रका मानिसहरूले पनि दशैंको समयमा विभिन्न बैंकिङ सेवाहरू प्रयोग गर्न थाल्छन्, जस्तै नगद निकासी, बचत खाता खोल्न, ऋण लिने आदि। यसले ग्रामीण क्षेत्रका मानिसहरूलाई औपचारिक वित्तीय प्रणालीमा समावेश गराउन मदत गर्छ। यसैगरी, दशैंका लागि ग्रामीण क्षेत्रबाट नगद प्रवाह हुँदै शहरहरूमा प्रयोग हुने गरेकाले वित्तीय समावेशनका लागि सकारात्मक वातावरण सिर्जना हुन्छ। यसले ग्रामीण र शहरी अर्थतन्त्रबीचको वित्तीय अन्तरलाई कम गर्न योगदान दिन सक्छ।

**दीर्घकालीन योजनाहरू र अवसरहरू**

दशैंको समयमा उत्पन्न हुने अस्थायी आर्थिक वृद्धिलाई दीर्घकालीनरूपमा स्थिर बनाउन दीर्घकालीन योजनाहरू आवश्यक पर्छन्। सरकारले दशैंमा हुने आर्थिक गतिविधिलाई स्थायित्व दिनका लागि विभिन्न दीर्घकालीन योजनाहरू लागू गर्न सक्छ जस्तै कृषि उत्पादनको वृद्धि, पर्यटन प्रवर्द्धन, उद्योगहरूको सुदृढीकरण र वैदेशिक रोजगारको अवसर सिर्जना।

यदि दशैंको समयमा भएका आर्थिक गतिविधिलाई दीर्घकालीन योजनाहरूमार्फत सुदृढ गरिएमा यो चाडले नेपालको समग्र अर्थतन्त्रमा अझ सशक्त र दिगो प्रभाव पार्न सक्छ। साथै दशैंले सिर्जना गरेका अवसरहरूलाई दीर्घकालीन विकासका योजनासँग जोडेर आर्थिक प्रगति गर्न सकिन्छ।

**निष्कर्ष**

दशैंले नेपाली समाज, संस्कृति र अर्थतन्त्रमा महत्त्वपूर्ण प्रभाव पार्छ। यस पर्वले नेपाली अर्थतन्त्रमा अल्पकालीनरूपमा गति दिन्छ र यसले विभिन्न आर्थिक क्षेत्रहरूमा सकारात्मक योगदान पुर्‍याउँछ। उपभोक्ता खर्चमा वृद्धि, रोजगार सिर्जना, ग्रामीण क्षेत्रबाट नगद प्रवाह, विप्रेषणाको आगमन र पर्यटन क्षेत्रमा वृद्धि जस्ता कारणहरूले दशैंले अर्थतन्त्रलाई गति दिन्छ।

तर दशैंपछि आर्थिक गतिविधिमा गिरावट आउने सम्भावना हुन्छ र यो समय वित्तीय व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक हुन्छ। नकारात्मक असरहरू जस्तै मुद्रास्फीति, व्यापार घाटा, र असमानता कम गर्न सही नीतिहरू लागू गर्नुपर्छ। समग्रमा दशैंको बेला नेपाली अर्थतन्त्रले गति लिने सम्भावना छ तर यसको स्थायित्वका लागि दीर्घकालीन दृष्टिकोण आवश्यक छ।

# मन्त्री दाहालद्वारा रेलवेलगायत सङ्घीय योजना अनुगमन

प्रस, जनकपुरधाम, १० असोज/

सङ्घीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले जनकपुर–जयनगर रेलवेको घाटा न्यूनीकरणका



मन्त्री दाहाल बिहीवार नेपाल रेलवे सेवा कम्पनीको सेवाबारे जानकारी लिनेक्रममा जनकपुरधाम रेलवे स्टेशनमा रेल चढेर भारतको जयनगर जाँदै। तस्बिरः रासस

लागि पूर्वाधारको विकास र कार्गो रेल सञ्चालनको तयारीमा सरकार रहेको बताएका छन्।

मन्त्री दाहालले महोत्तरीको बर्दिबास र धनुषाको कुर्था रेलवे स्टेशनको बिहीवार अनुगमन गरेपछि जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा सो कुरा बताएका हुन्। सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, “रेलवे वासिङ सेन्टरको निर्माण लगभग पूरा भएको छ, जसले भारतमा वासिङ गर्न पठाउनुपर्ने कठिनाइलाई समाधान गर्नेछ।”

मन्त्री दाहालले भारतको अयोध्या–जनकपुर रेलसेवा सञ्चालन तयारी अन्तिम चरणमा पुगेको जानकारी दिंदै यसले दुई देशबीचको सांस्कृतिक सम्बन्धलाई मजबूत बनाउने विश्वास व्यक्त गरे।

*प्रस, महोत्तरी/*

मन्त्री दाहालले ‘समृद्ध मधेस’ निर्माणमा सङ्घीय सरकारले प्रभावकारी योजना तयार गरेर कार्यान्वयनको चरणमा पुगेको बताएका छन्।

प्रेस चौतारी महोत्तरीले बिहीवार लालगढमा आयोजना गरेको पत्रकार भेटघाटमा मन्त्री दाहालले समृद्ध मधेसको अभियानलाई निरन्तरता दिन सरकार प्रतिबद्ध रहेको उल्लेख गरे। महोत्तरी र धनुषास्थित मन्त्रालय मातहतका आयोजनाको निरीक्षणको क्रममा उनले समृद्ध मधेसले देशको विकासमा महत्त्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गरे।

मन्त्री दाहालले पूर्व–पश्चिम राजमार्ग र उत्तर–दक्षिणका व्यापारिक केन्द्रहरूसँग जोडिएका सडकहरू निर्माणको अन्तिम चरणमा रहेको जानकारी दिए। उनले बर्दिबास–जयनगर रेलसेवा पनि महत्त्वाकाङ्क्षी परियोजना भएको भन्दै यसको निर्माण अन्तिम चरणमा पुगेको बताएका छन्।

“जयनगर बर्दिबास रेलसेवाका तीन खण्डमध्ये दुई खण्डमा सेवा सञ्चालन भइरहेको छ,” उनले भने, “भङ्गाहा–बर्दिबास खण्डको काम चाँडै शुरू गर्ने तयारीमा छौं।” बर्दिबासमा रेलवे स्टेशन निर्माणको लागि आवश्यक जग्गा खाली नगर्दा निर्माणमा ढिलाइ भइरहेको मन्त्री दाहालको भनाइ थियो।

कमला पुल निर्माणका लागि प्राविधिक पक्षसँग छलफल गरेर काम अघि बढाइने बताउँदै उनले योजनाबद्ध विकास र पूर्वाधार निर्माणमा सङ्घ सरकार दृढ इच्छाशक्तिका साथ लागिपरेको बताए।

# ‘जनशक्ति अभावमा पनि छिटोछरितो सेवा’

प्रस, वीरगंज, १० असोज/

आन्तरिक राजस्व कार्यालय, पर्साका प्रमुख कर अधिकृत टीकाराम चौलागाईंले




कर्मचारी सङ्ख्या कम भएर पनि सेवाग्राहीहरूलाई छिटोछरितो र गुणस्तरीय सेवाप्रवाह गर्दै आएको दाबी गरेका छन्।

वीरगंज उद्योग वाणिज्य सङ्घले बिहीवार आयोजना गरेको कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, पर्साका प्रमुख कर अधिकृत चौलागाईंले विद्यमान करसम्बन्धी ऐन कानूनमा प्रमुख कर अधिकृतलाई आफ्नो विवेक (तजबिज) प्रयोग गर्ने अधिकार नभएको बताए। उनले करसम्बन्धी शिक्षाको अभावमा करदाताहरूले जरिवाना तिर्नुपरिरहेको बताए। उनले यो अवस्थामा कमी ल्याउनका लागि करसम्बन्धी प्रशिक्षण कार्यक्रमलाई प्राथमिकता दिने बताए।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले सङ्घको ऐतिहासिक पृष्ठभूमि, यस क्षेत्रको बढ्दो आर्थिक महत्त्व र अपार सम्भावनाबारे प्रकाश पार्दै सामु रहेका चुनौती तथा उद्योगी–व्यवसायीहरूले भोगिरहेका समस्याहरूका बारे प्रमुख कर अधिकृत चौलागाईंको ध्यानाकर्षण गराएका थिए। उनले निजी क्षेत्र मैत्री कर प्रशासन ल्याउनुपर्ने, करको दर नबढाइ करको दायरा बढाउनुपर्ने जस्ता सुझाव दिए।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष हरि गौतम, उपाध्यक्षद्वय माधव राजपाल मनोज दास, महासचिव आशिष लाठ, कोषाध्यक्ष शिवजीप्रसाद कलवार, सहकोषाध्यक्ष अनोज रूँगटालगायत उद्योगी–व्यवसायीहरूको सहभागिता थियो।






## स्कूल ब्याग वितरण

प्रस, वीरगंज, १० असोज/

साहिब दरबारको वार्षिकोत्सवको अवसरमा बिहीवार महावीरप्रसाद रघुवीरराम त्रिजुद्ध माविमा बालविकास कक्षामा अध्ययनरत ८६ जना विद्यार्थीलाई स्कूल ब्याग वितरण गरिएको छ। साहिब दरबार भारत, सिवान जिल्ला बिहारका संस्थापक सरकारजी महाराजले बालविकास कक्षाका शिशुहरूलाई ब्याग वितरण गरेका थिए।

कार्यक्रममा साहिब दरबार वीरगंजका संरक्षक एवं नगरप्रमुख राजेशमान सिंहले शिक्षा क्षेत्रमा आमूल परिवर्तनका लागि महानगरपालिकाले विभिन्न निकायको सहयोगमा काम गर्दै आएको बताए। प्रधानाध्यापक नवीनकुमार मिश्रको अध्यक्षतामा कार्यक्रम भएको थियो।

**पतिद्वारा ...**

परिवारका सदस्यहरूसँग झगडा भइरहन्थ्यो र यस क्रममा उनी कुवेतबाट आएको चार/पाँच दिनमैं घर छाडेर हिंडेका थिए। त्यसपछि गएराति उनी २५ दिनपछि साथीसँग मोटरसाइकलमा चढेर आएका र गोली प्रहार गरी फरार भएको बताइन्छ। प्रहरीले भने अहिलेसम्म गोली प्रहार गर्ने चित्रलेखाका पति धीरेन्द्र रहेको आधिकारिक पुष्टि गरिसकेको छैन। प्रवक्ता श्रेष्ठले दुईजना मोटरसाइकलमा आएका र गोली हानेर पुनः मोटरसाइकलमा चढेर फरार भएको बताए। उनले गोली हान्ने व्यक्तिको पहिचान भएको तर पक्राउ नपरुन्जेलसम्म सार्वजनिक गर्न नमिल्ने बताए। प्रहरी चौकी हरिपूर्वाले भने पत्नी चित्रलेखाको हत्या र पिता रामदिनेशमाथि गोली प्रहार धीरेन्द्रले गरेको बताएको छ।

**सुरक्षा ...**

जानकारी गराइएको थियो। वडाध्यक्ष विवेक मेहता र दीनदयालप्रसाद मुखियाको अध्यक्षतामा भएको कार्यक्रममा इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी निरीक्षक नवीन राई, सारा अक्सपेन्टका सन्तोष खतिवडा, आलोक ठाकुर, तथ्याङ्क अधिकृत संरचना शाक्यलगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रमको सहजीकरण युएनओपिसीकी प्रमुख मीरा चौधरीले गरेकी थिइन्।

# खेलकूदको संसार

## कुश्ती मधेसको मौलिक खेल हो –गापाध्यक्ष यादव

प्रमोद यादव, पंचगावाँ, १० असोज/

सखुवाप्रसौनी गाउँपालिका–२ पंचगावाँचोकमा जितिया पवको अवसरमा तीन दिने महावीरी झन्डा मेला लागेको छ। महावीरी झन्डा मेला समिति सखुवाप्रसौनी गापा–२ को आयोजनामा आजदेखि तीन दिनसम्म मेला लाग्ने र मेलामा दङ्गल कुश्ती हुनेछ। गापाध्यक्ष यशवन्त यादवले मेलाको उद्घाटन गर्दै कुश्ती मधेसको मौलिक खेल भएको बताए।



उनले पछिल्लो समयमा कुश्तीप्रतिको आकर्षण घटिरहेकामा चिन्ता व्यक्त गरे। उनले मधेसको मौलिकतासँग जोडिएको कुश्ती खेलको संरक्षणमा सङ्घ र प्रदेश सरकारले ध्यान दिनुपर्ने बताए। पालिकास्तरबाट हुने सहयोग आफूले गर्न तयार रहेको उनले बताए। मेला समितिका अध्यक्ष शम्भुप्रसाद यादवको अध्यक्षतामा भएको दङ्गल कुश्ती प्रतियोगितामा नेपाल र भारतका नाम चलेका १० जना पहलमानले भाग लिएका छन्। उनीहरूलाई नगद ३० हजारबाट पुरस्कृत गरिएको थियो।

कार्यक्रममा वडाध्यक्ष चिरञ्जीवी महतो, पूर्वउपाध्यक्ष फुलमती देवी, प्रमुख प्रशासकीय अधिकृत विजय चौरसिया, इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापा, स्थानीय नेता शिवकुमारसाह तेली, मुन्ना तिवारीलगायतको सहभागिता थियो।

## कोशी प्रदेशद्वारा सुदूरपश्चिम प्रदेश पराजित

काठमाडौं, १० असोज/रासस

राजधानीमा जारी एन्फा महिला लिग फूटबल प्रतियोगिता अन्तर्गत बिहीवार भएको खेलमा सुदूरपश्चिम प्रदेशलाई पराजित गर्दै कोशी प्रदेश प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आज भएको खेलमा कोशीले सुदूरपश्चिमलाई ४–० गोलअन्तरले पराजित गरेको



हो। जीतसँगै कोशी शीर्ष अन्तिम पाँचभित्र रहँदै दोस्रो चरणमा प्रवेश गरेको हो। कोशीले नौ खेलबाट १४ अङ्क जोड्यो। सुदूरपश्चिम भने अङ्कविहीन हुँदै प्रतियोगिताबाट बाहिरिएको छ। यससँगै दोस्रो चरण पुग्ने पाँचै टोलीको टुङ्गो लागेको छ। कोशीसहित एपिएफ, पुलिस, आर्मी र वालिङ नगरपालिका प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेका छन्।

आज कोशीको जीतमा समीक्षा मगरले दुई गोल गरिन् भने ममता राउत र खुस्मा राईले समान एक/एक गोल गरे। ममताले खेलको २४औं मिनेटमैं गोल गरिन्। त्यस्तै, कोशीकी अर्की खेलाडी समीक्षाले खेलको ५३ र ६५औं मिनेटमा दुई गोल गरिन्। यस्तै, खेलको ८५औं मिनेटमा खुस्माले अर्को गोल गर्दै कोशीलाई ४–० को जीत दिलाइन्।


## डेङ्गीबाट बच्ने उपायहरू ?

- लामखुट्टेको टोकाइबाट डेङ्गी लाग्न सक्छ,
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अँध्यारा कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी टङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड